मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

पलायन हुने हैन, देश बनाउन लाग्नुपर्छः प्रधानमन्त्री



पृष्ठ ५ मा

● वर्ष ३ ● अंक १२२ ● २०८१ साल फागुन २८ गते बुधबार ● Wednesday 12, March 2025 ● सूर्योदयः बिहान ६:१८ बजे ● सूर्यास्तः साँझ ६:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

अस्पताल सेवा सञ्चालन स्वीकृत तथा नवीकरण भएका अस्पतालहरु :-

| क्र.स. | अस्पतालको नाम | स्थान |
|---|---|---|
| १. | केयर मेडिकल सेन्टर | जनकपुरधाम,धनुषा |
| २. | एपोलो हस्पिटल | जनकपुरधाम,धनुषा |
| ३. | नैन हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ४. | स्वास्तिका हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ५. | म्याक्स लाइफ हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ६. | हिरा हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ७. | न्युरो हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ८. | कृष्णा मेडिकल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| ९. | जीवन ज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम,धनुषा |
| १०. | शुभस्वस्तिक अस्पताल | बर्दिबास, महोत्तरी |
| ११. | प्रभु अस्पताल | बीरगंज, पर्सा |
| १२. | सर्वोतम अस्पताल एण्ड रिसर्च सेन्टर | बीरगंज, पर्सा |
| १३. | गण्डक अस्पताल | बीरगंज, पर्सा |
| १४. | शाह हस्पिटल | बीरगंज,पर्सा |
| १५. | चन्द्रपुर अस्पताल | चन्द्रनिगाहपुर, रौतहट |

धनुषाः अस्पताल सेवा सञ्चालन बन्द गर्ने सम्बन्धमा

| क्र.स. | संस्थाकोनाम | ठेगाना |
|---|---|---|
| १. | मुस्कान हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम |
| २. | अरमान हस्पिटल | जनकपुरधाम |
| ३. | सहयोग हस्पिटल | जनकपुरधाम |
| ४. | जनकपुर मोडर्न हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम |
| ५. | माँ गायत्री मेमोरियल होस्पितल | जनकपुरधाम |
| ६. | रामा मेमोरियल हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम |
| ७. | जनकपुर सीता हस्पिटल | जनकपुरधाम |
| ८. | वि.एन.हस्पिटल एण्ड रिसर्च सेन्टर | जनकपुरधाम |
| ९. | ज्योति आँखा अस्पताल | जनकपुरधाम |
| १०. | न्युरो सेन्टर | जनकपुरधाम |
| ११. | कृष्णा अस्पताल | जनकपुरधाम |
| १२. | जनकपुर गोदावरी अस्पताल | जनकपुरधाम |
| १३. | जनक मेमोरियल अस्पताल | जनकपुरधाम |
| १४. | गीता श्री हना स्पेस्यिलिस्ट क्लिनिक | जनकपुरधाम |
| १५. | जनकपुर मोडेल अस्पताल | जनकपुरधाम |
| १६. | लालगढ़ हेल्थ केयर एण्ड रिसर्च सेन्टर | लालगढ़,धनुषा |
| १७. | लक्ष्मी हेल्थ केयर | जनकपुर |
| १८. | कुन्दन स्किन केयर सेन्टर | जनकपुर |
| १९. | कृष्णा स्किन केयर | जनकपुर |
| २०. | जनकपुर मधेश हस्पिटल | जनकपुर |
| २१. | लाइफ केयर एण्ड रिसर्च सेन्टर | जनकपुर |
| २२. | जनकपुर गोल्डेन होस्पिटल | जनकपुर |

धनुषा :- अस्पताल सेवा सञ्चालन स्वीकृति नवीकरण सम्बन्धमा

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | समर हस्पिटल | जनकपुर |
| २. | श्रीराम हस्पिटल | जनकपुर |
| ३. | जनकपुर ग्राण्डी हस्पिटल | जनकपुर |
| ४. | साइ मल्टिस्पेसलिस्ट हस्पिटल एण्ड ट्रमा सेन्टर | जनकपुर |
| ५. | ओम दिर्घायु हस्पिटल | जनकपुर |
| ६. | मिहिलाल इन्टरनेशनल हस्पिटल | जनकपुर |
| ७. | बिनय तारा फाउन्डेसन तथा क्यान्सर सेन्टर | जनकपुर |
| ८. | धनुषा अस्पताल | जनकपुर |
| ९. | जनकपुर सि.टि.हस्पिटल | जनकपुर |
| १०. | नव जीवन अस्पताल | जनकपुर |
| ११. | बैदेही अस्पताल | जनकपुर |
| १२. | जनकपुर सुरक्षा अस्पताल | जनकपुर |
| १३. | एडभान्स सिटि स्कान एण्ड डायगनेस्टिक सेन्टर | जनकपुर |
| १४. | लालगढ़ मोडेल अस्पताल | लालगढ़, धनुषा |
| १५. | चन्द्रकला अस्पताल | जनकपुर |
| १६. | जनकपुर बाल अस्पताल | जनकपुर |
| १७. | सिता बाल अस्पताल | जनकपुर |

पर्सा अस्पताल सेवा सञ्चालन बन्द गर्ने सम्बन्धमा

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | नेपाल इण्डो होस्पिटल एण्ड आइ केयर सेन्टर | बीरगंज |

पर्सा अस्पताल सेवा सञ्चालन नवीकरण स्वास्थ्य संस्थाहरु

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | भवानी होस्पिटल एण्ड रिसर्च | बीरगंज |
| २. | स्पर्श मल्टिस्पेस्लिटि होस्पिटल | बीरगंज |
| ३. | निलकन्ठ होस्पिटल एण्ड रिसर्च सेन्टर | बीरगंज |

रौतहट :- अस्पताल सेवा सञ्चालन बन्द भएका स्वास्थ्य संस्थाहरु

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | हाइवे ट्रमा हस्पिटल एण्ड रिसर्च सेन्टर | चन्द्रनिगाहपुर, रौतहट |
| २. | सिभिल हुमैंन हस्पिटल एण्ड रिसर्च सेन्टर | चन्द्रनिगाहपुर, रौतहट |
| ३. | पव्लिक लाइफ केयर पोलिक्लिनिक | चन्द्रनिगाहपुर, रौतहट |
| ४. | एपोलो सिटि हस्पिटल | चन्द्रनिगाहपुर, रौतहट |
| ५. | चपुर सिटि होस्पिटल | चन्द्रनिगाहपुर, रौतहट |
| ६. | हिमालयन पोलिक्लिनिक | चन्द्रनिगाहपुर, रौतहट |
| ७. | सिम्स हस्पिटल | चन्द्रनिगाहपुर, रौतहट |
| ८. | चन्द्रपुर सामुदायिक हस्पिटल | चन्द्रनिगाहपुर, रौतहट |
| ९. | नमस्ते डेन्टल क्लिनिक | चन्द्रनिगाहपुर, रौतहट |
| १०. | चन्द्रपुर अर्थोपेडिक एण्ड जनरल हस्पिटल | चन्द्रनिगाहपुर, रौतहट |
| ११. | चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र | चन्द्रनिगाहपुर, रौतहट |
| १२ | गरुडा सिटि हस्पिटल | गरुडा, रौतहट |
| १३ | अनामिका हस्पिटल | गरुडा, रौतहट |
| १४ | नेत्र ज्योति आई हस्पिटल | गरुडा, रौतहट |
| १५ | गौर आखा अस्पताल | गरुडा, रौतहट |
| १६ | गरुडा अस्पताल | गरुडा, रौतहट |
| १७ | रोमा हस्पिटल | गरुडा, रौतहट |
| १८ | होप हस्पिटल | गरुडा, रौतहट |
| १९ | सन् सिटि हस्पिटल | गरुडा, रौतहट |
| २० | सरस्वती हस्पिटल | गरुडा, रौतहट |
| २१ | आनन्द हस्पिटल अचुपंचर सेन्टर | गरुडा, रौतहट |

महोत्तरीःअस्पताल सेवा सञ्चालन बन्द भएका स्वास्थ्य संस्थाहरु

| | | |
|---|---|---|
| १. | श्री पिनाकल हस्पिटल | बर्दिबाश |
| २. | श्री सुरक्षा अर्थोपेडिक एण्ड डेन्टल क्लिनिक | बर्दिबाश |
| ३. | श्री खर्गा डेन्टल केयर सेन्टर | बर्दिबाश |
| ४. | श्री ओम समाज डेन्टल हस्पिटल | बर्दिबाश |
| ५. | खोमसारा डेन्टल क्लिनिक | बर्दिबाश |

महोत्तरीः अस्पताल सेवा सञ्चालन नविकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरु

| | | |
|---|---|---|
| १. | सि.टि.केयर अस्पताल | बर्दिबाश |
| २. | बर्दिवाश जनसेवा अस्पताल | बर्दिबाश |
| ३. | डी.एन.बि.मेडिकेयर सेन्टर | बर्दिबाश |

सर्लाहीः अस्पताल सेवा सञ्चालन बन्द भएका स्वास्थ्य संस्थाहरु

| | | |
|---|---|---|
| १. | दयन्ति अस्पताल | हरिवन, सर्लाही |
| २. | सर्लाही जीवन हेल्थ केयर, | हरिवन -९, सर्लाही |
| ३. | स्वाभिमान अस्पताल, | हरिवन-९, सर्लाही |
| ४. | सरस्वती अस्पताल, | हरिवन-११, सर्लाही |
| ५. | लिलावती अस्पताल, | हरिवन-११, सर्लाही |
| ६. | भानु अन्जली हस्पिटल, | लालबन्दी-१, सर्लाही |
| ७. | रक्षा हेल्थ केयर हस्पिटल, | लालबन्दी-१, सर्लाही |
| ८. | जय भवानी हेल्थ केयर सेन्टर, | लालबन्दी –१सर्लाही |
| ९. | जया हेल्थ क्लिनिक, | लालबन्दी, सर्लाही |

# मधेश अर्थात् ‘अवैध अस्पताल’ प्रदेश !

**मधेश स्वास्थ्य सेवाका नाममा बदमासी गर्न चाहनेलाई स्वर्ग देखिएको छ । वश अस्पतालका साइनबोर्ड, केही सफेद पोशाकधारी स्वास्थ्यकर्मी र अस्पतालजस्तो बनिबनाउ घरको साजसज्जाभित्र सर्वसाधारणलाई छिटो र छरितो सेवा दिने नाममा चलेका अस्पताल आफैँ चैँ अंग नपुगेका र नभएका बिरामी भन्दा कम देखिएका छैनन् ।**

## स्वास्थ्यको बेथिति हटाउँछु



सतिश कुमार सिंह
मुख्यमन्त्री, मधेश प्रदेश

मधेश प्रदेशका आठै वटा जिल्लामा नक्कली डाक्टरले मान्छेको ज्यानसँग प्रत्यक्ष खेलवाड गरेको भेटिएको छ । बिना मापदण्ड खोलिएका अस्पतालमा डाक्टरको एनएमसी नम्बरसमेत नक्कली भेटिएको छ । एम्बुलेन्स चालक तथा अनमी र अहेब पढेका व्यक्तिले समेत अस्पताल सञ्चालन गरेको भेटिएको छ । स्वास्थ्य क्षेत्रमा देखिएको बेथिति हटाउन लागिपरेको छु । मधेशमा स्वास्थ्य क्षेत्रमा देखिएको बेथिति हटाउन जोखिम मोलेको छु ।



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेश अर्थात् अवैध अस्पताल प्रदेशका रुपमा चिनिने डर भएको छ । भएका अस्पतालहरुमा भगवान मानिएका डाक्टर र नर्सले सफेद पोशाक लगाए पनि अस्पतालको कागजात र कारोबार हेर्दा पूर्णतया कानून मिचेर जनस्वास्थ्यमा लात हान्ने काम भइरहेको छ । अनुगमनको काम कुनै एन्जिओ वा दलहरुको भ्रातृसंगठन र अधिकारवादीहरुले गरेको पनि होइन, स्वयम् मधेश प्रदेश सरकारले गरेको हो । त्यसमा पनि स्वयम् मुख्यमन्त्री सतिश कुमार सिंहको एक्सन हो । अझ मधेश प्रदेश सभामै सत्तारुढ नेकपा एमालेका प्रदेश सभा सदस्यले आफ्नो पार्टीको प्रदेश स्वास्थ्य मन्त्रीको उपस्थितिबिना मुख्यमन्त्री एक्लै अस्पतालमा एक्सन लिन गएको भनेर आवाज उठाएपछि मुख्यमन्त्रीले स्वास्थ्यमन्त्री शत्रुधन प्रसाद सिंहलाई पनि लिएर मधेशका अधिकांश जिल्लामा अनुगमन गर्दा अस्पतालको अपराध बाहिरिएको हो । अनि एमालेका प्रदेश सभाका सदस्यहरुको मुख र अवैध अस्पताल एकसाथ बन्द भएको हो ।

यो घटना समाचारमा आएपछि मुख्यमन्त्री सतिश कुमार सिंहले अस्पतालको स्वास्थ्य सेवाबारे चासो लिन भ्याए । माघ २५ गते मुस्कान हस्पिटल पुगेका मुख्यमन्त्री सिंहले थाहा पाए कि, अस्पताल त दर्ता नै छैन । उनले अस्पतालमा तत्काल ताला लगाउन निर्देशन दिए । यसपछि मधेश प्रदेशमा बिना दर्ताको

**मितिः २०८१ माघ ३ गते**
**स्थानः जनकपुर–१४, धनुषा**
**अस्पतालः मुस्कान हस्पिटल**
**बिरामीःसर्लाहीकी पविताकुमारी यादव**
**रोगः पित्तथैलीको अप्रेसन**
**समस्याः अप्रेसनपछि २० दिनसम्म बेहोस**

अस्पताल सञ्चालन भइरहेको घटनालाई मसिनोसँग छिमल्ने सुर कसे मुख्यमन्त्री सिंहले ।

अरु अस्पतालमा पनि दिनैपिच्छे मुख्यमन्त्री जान थालेपछि अस्पताल सञ्चालकहरु चैँ बिरामी पर्न थाले । भएभरका



अस्पताल त अवैध रुपमा बिना दर्ता चलिरहेको धमाधम बाहिर आउन थाल्यो । मधेश प्रदेश सरकारले गरेको अनुगमनमा १५ अस्पताल नवीकरण र सबै प्रक्रिया पूरा गरेर सञ्चालनमा रहेको र अन्य ५८ अस्पताल बिना प्रक्रिया र दर्ता सञ्चालन गरेर ब्रम्हलुट मच्चाइरहेको भेटियो । यस्ता अस्पताल बन्द गर्न निर्देशन दिइएपछि केही अस्पताल साहुहरुले संस्था नै खोले । यद्यपि त्यो संस्थाको चालचुल केही सुनिएको छैन । केही मिडियामा साहुहरुको फोटो आयो । उनीहरु अहिले के गरिरहेका छैनन्, बोलेका छैनन् । सायद मुख्यमन्त्रीको एक्सन उनीहरुका लागि ‘बाघझाप्पु’ भएपछि चुपचाप बस्नु र कुलेलम ठोक्नु नै उचित भयो । पछि २३ अस्पताल नवीकरण नभएको देखियो ।

मधेश प्रदेशमा खोलिएका अस्पतालमा धेरै त दर्ता नै छैनन् । भए पनि नवीकरण गरिएको छैन । नवीकरणमा मापदण्ड पुगेको छैन । धेरै जसो अस्पतालमा अघिल्लो सरकारका अनुगमनकर्ता पुगेकै थिएनन् । यस्ता दर्ताबिनाका अस्पतालहरुले बिरामीसँग सक्दो लुट्ने र कोही बिरामीको ज्यान तलमाथि भए मोटो रकम दिएर घटना सामसुम पार्ने गरेका थिए । जनकपुरधाम हेर्दा चोकैपिच्छे अस्पताल देखिएपछि बिरामीले उपचारका लागि अन्त जानु पर्दैन होला भन्ने लाग्थ्यो । तर जनकपुरधाम मात्र होइन, मधेशकै जिल्लामा पुग्दा अस्पतालहरु त आफैँ आइसियुमा छट्पटाइरहेको पो देखियो । अनुगमनमा धनुषामा २२ अस्पताल बन्द गर्नु परेको छ ।

धनुषापछि अरु जिल्लामा पनि दृष्टिगोचर गर्दा पर्सामा १, महोत्तरीमा ५, रौतहटमा २१, सर्लाहीमा ९ अस्पताल बन्द नगरी नहुने पाइएपछि बन्द गरिएको छ । कतिपय अस्पताल त एम्बुलेन्सका चालकहरुले पो चलाइरहेको भेटिए । अनि यस्तै बिनादर्ताका अस्पतालमा बिरामी जाने गरेको देखियो । बिरामी लैजान चिकित्सक र एम्बुलेन्स चालक तथा गाउँगाउँमा रहेका अहेब र औषधी पसलेको सेटिङ पनि भेटियो । बिरामी पठाएबापत मोटो कमिसन खानेहरु पनि देखिए । नक्कली अस्पतालमा सक्कली ठगीको सेटिङ बलियोसँग साम्राज्य बनाइरहेको पाइएको छ । सेवाका नाममा अवैध अस्पताल चलाउने धन्दा संगठित देखिएको छ ।

प्रदेश राजधानी जनकपुरधाममा २२ वटा अस्पताल बिनादर्ता र मापदण्ड पूरा नगरेको पाइएपछि बन्द गरिएको छ । मापदण्ड पूरा गरेर १७ अस्पताल सञ्चालनमा छन् । जनकपुरधाम उपमहानगरपालिकाले गरेको अध्ययनमा दर्जनौँ निजी अस्पताल लामो समयदेखि बिनादर्ता भगवानभरोसे चलिरहेका छन् ।

### कानूनमा के छ ?

स्थानीय तह स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरणसम्बन्धी निर्देशिका–२०७४ मा अस्पताल दर्ताको व्यवस्था छ । २५ बेडको अस्पताल स्थानीय पालिकामा दर्ता तथा नवीकरण हुने उल्लेख छ । २५ बेडभन्दा माथि तथा विशिष्टीकृत अस्पताल दर्ताका लागि सम्बन्धित पालिकाको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट अनुमति लिनुपर्ने कानूनी प्रावधान छ । अधिकांश अस्पताल प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका कारण दर्ता गराउन नै तयार छैनन् ।

# मालपोत कार्यालयका खरिदार र लेखनदास घुससहित पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरीका खरिदारसहित दुईजना ३५ हजार घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासको टोलीले खरिदार मुन्नुकुमार दास र लेखापढी व्यवसायी जिवछ महतोलाई घुस रकमसहित पक्राउ गरेको हो ।

सेवाग्राहीबाट लिएको ३५ हजार रुपैयाँ रकमसहित कार्यालयबाटै दुबैजनालाई ३५ हजार घुसरकमसहित पक्राउ गरेको आयोगले जनाएको छ ।

# राइस मिल सञ्चालकमाथि छानबिन जरुरी

**राकेश यादव**
**गौर ।**
जनता समाजवादी पार्टी नेपालका युवा नेता एवम् मधेश प्रदेश सरकारका पूर्व कृषि राज्यमन्त्री योगेन्द्र राय यादवले वर्षौंदेखि अधिग्रहणबारे विवादित गौर राइस मिलको जग्गाको टुंगो लगाउनु एक मात्र विकल्प रहेको बताएका छन् । मिल्सको नाममा २०२१ सालमा सर्भे हुँदा २००३ सालमा स्थापना भइ सञ्चालनमा आएको कम्पनीको नाममा ५ बिघा १९ कट्ठा १५ धुर जग्गा नापी भइ फिल्ड बुक, जग्गा धनी श्रेस्ता पूर्जा तयार भएकामा सञ्चालक समिति यकिन हुन नसकेकामा सरकारीस्तरबाट सार्वजनिकीकरण गर्नु पर्ने उनले बताए ।

२०३० सालपछि मिल बन्द भइसकेपछि जग्गा हालसम्म विभिन्न किसिमको सभा सम्मेलन, खेलकुदका लागि प्रयोग हुँदै आएकाले नक्कली शेयर धनी बनेर जग्गा बिक्री गर्न खोज्नेलाई कानूनी दायरामा ल्याई कारबाही गर्न सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराए ।

नेता यादवले भने, 'शेयरधनीको छानबिन गर्नु पर्छ । राइस मिल सञ्चालक समिति सचिवको नाम सार्वजनिक भए पनि अन्य पदाधिकारी गौण रहेकाले नक्कली शेयरधनी प्रमाणित भइरहेको छ ।'

गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले गरेको निर्णय जनताको भावनाविपरित भएको ठहर गर्दै यादवले सर्वपक्षीय बैठकबाट राइस मिलको जग्गाको विवाद प्रकरण टुंग्याउन सुझाव दिए ।

# होली व्यवस्थित बनाउन ५२३ सुरक्षाकर्मी परिचालन

**मधेशदृष्टि**
**राजविराज ।**
होलीमा जबरजस्ती रंग हाल्ने, लोला हान्ने, मदिरा सेवन गरी सवारीसाधन चलाउने, मोटरसाइकलमा तीन जना सवार हुनेलगायतका गतिविधि गर्नेलाई प्रहरीले नियन्त्रणमा लिई कानूनी कारबाही गर्ने भएको छ । यसका अतिरिक्त खुलारुपमा मद्यपान, ध्रुमपान जस्ता विकृतिपूर्ण कार्य गर्नेलाई समेत पक्राउ गरेर कानूनमा व्यवस्था भएबमोजिमको कारबाही गरिने प्रहरीले जनाएको छ ।

मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा होलीको शुभकामना आदानप्रदान तथा पत्रकार सम्मेलन गरेर प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले यस्तो जानकारी गराएका हुन् । 'मनोरन्जन गर्न पाइन्छ, तर त्यसका नाममा विकृति गर्नेलाई छाडिदैँन,' उनले भने, 'जिल्लामा ठूलो संख्यामा सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन हुने छ ।' यसका अतिरिक्त होली पर्वका दिन नगर क्षेत्रमा ८४ वटा सिसिटिभि क्यामरा तथा दुई वडा ड्रोन क्यामरामार्फत समेत निगरानी गरिने उनले जानकारी दिए । मर्यादितरुपमा होली मनाउन जिल्लाका सबै वडा एरियामा जिंगल तथा माइकिङमार्फत सबैसँग अनुरोध गरिने बताएका उनले होली पर्व सभ्य, भव्य, सुरक्षित र व्यवस्थित बनाउन ५ सय २३ प्रहरी परिचालन हुने जानकारी दिए ।

शान्त र मर्यादित भएर होली मनाउने वातावरणका लागि होली पर्व लक्षित विशेष सुरक्षा योजनामा छड्के चेकिङ, कमान्ड पोष्ट, गाडी मोबाइल, मोटरसाइकल गस्ती, ट्राफिकसहितको चेक प्वान्ट, पैदल गस्तीलगायतका सुरक्षा रणनीति समेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नाटकीय ढंगबाट सिक्री लुटियो

**मधेशदृष्टि**
**राजविराज ।**
तरकारी किन्न राजविराज–७ स्थित हटिया बजार पुगेकी महिलाको घाँटीमा भएको सिक्री नाटकीय ढंगबाट लुटिएको छ ।

राजविराज–४ कि ५० वर्षीया सुष्मादेवी साह लुटिएकी हुन् । सोमबार साँझ ६ बजेतिर तरकारी किन्दै गर्दा उनी लुटिएकी हुन् ।

'तरकारी किन्दै गरेको अवस्थामा पछाडिबाट ग्राहक बनेर आएका दुई–तीन युवाले विशेष चलाखी गरेर कटर (काट्ने उपकरण) प्रयोग गरी घाँटीमा लगाएको अढाई तोलाको सुनको सिक्री लुटेर लगे,' सुष्माले भनिन्, 'सिक्री काटेर निकालेको चाल पाएपछि चिच्याउँदा उनीहरु भागे ।' हटियामा अत्यधिक भिड भएको मौका छोपी अचानक आएका चोरले सिक्री लिएर भाग्दा हल्ला गरेको र जम्मा भएको भिडले पनि चोर समाउन नसकेको उनले बताइन् ।

यसबारे प्रहरीलाई समेत जानकारी गराएको सुष्माका श्रीमान नवलले बताए । सिसिटिभी क्यामरामा भाग्दै गरेको चोरको फुटेज कैद भएको छ । पीडितको उजुरी तथा सिसिटिभी फुटेजमा देखिएको हुलिया विवरणका आधारमा अपराधीको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।


## Balan Bihul Rural Municipality
### Office of the Rural Municipal Executive
### Malhaniya, Saptari

## Invitation for Bids

**Date of Publication: B.S. 2081/11/28 (12 March, 2025)**

1. Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari invites electronic bids from eligible bidders for following works under National Competitive Bidding process:

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Purchase Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | BBRM/Works/NCB/01/2081/082 | Construction work for Office Building Balan Bihul ward no. 01 | 63,48,836.70 | 1,90,000.00<br>Total 120 Days of validity | 3,000.00 (Non-Refundable) | 10 April 2025<br>During office hours | 11 April 2025<br>At 13:00 hours |

Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable bid document fee NRs 3,000/- as a cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

| Account Details to furnish the Bid Purchase Fee amount: | Account Details to furnish the Bid Security amount: |
|---|---|
| Name of the Bank: Laxmi Sunrise Bank Limited<br>Name of Office: Balan Bihul Rural Municipality<br>Office Account no.: 09103000045<br>Rajaswa (revenue) Shirshak no.: AANTRIK RAJASHWO KHATA | Account Name: STHANIYA DHARAUTI KHATA<br>Bank Name: Laxmi Sunrise Bank Limited<br>Bank Address: Balan Bihul Rural Municipality<br>Account Number: 09103000191 |

2. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated VAT, Tax clearance certificate. otherwise bid shall be non-responsive. Eligible Bidders may obtain further information at Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari, or may visit PPMO website (**www.bolpatra.gov.np/egp).**
3. Employer Name: Balan Bihul Rural Municipality — Location : Malhaniya, Saptari
Attention: Chief Administrative Officer — Contact No. 9852825040
Balan Bihul Rural Municipality — Email :info@balanbihulmun.gov.np, balanbihulrm@gmail.com

**- Chief Administrative Officer**



Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate
## Infrastructure Development Office, Saptari

## Invitation forBidders

**(IFB No.: 10/081/82/IDO/Saptari)**

**Date of Publication: 2081/11/28 (12rd March,2025)**

1. **Infrastructure Development Office (IDO), Saptari**, invites open competitive biddings (Electronics bid only)from Eligible Bidders for the following works underNCBProcedure.Only eligible bidders should participate in this bidding:

| S.N. | Contract Number | Description and location of work | Estimate Amount in NRs. (Exclusive PS &VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Saptari/Works/NCB/37-081/82 | Construction of Osho Aashram, Rajbiraj, Saptari. | 8469946.27 | 2,40,000/- | 120 days from deadline ofbidsubmission | 3,000/- | |
| 2 | IDO/Saptari/Works/NCB/38-081/82 | Saptari Kanchanrup-2, Road Casting From Akbar's House to Bal Bikas Building-25/ SaptariKanchanrupSajha Sanstha Gherber-25/ Kanchanrup-2 Ward Health Post or Ward Office Construction-25 | 6345778.49 | 1,80,000/- | 120 days from deadline ofbidsubmission | 3,000/- | |
| 3 | IDO/Saptari/Works/NCB/39-081/82 | Road Casting work from Postal Highway to Kushha Belhi Road via Kamaldah-30/Saptari, Bahanbihul Ga. Pa. -1, Construction work of Fun Park-25/SaptariBahanbihul Ga.pa. -5, Shri Kavir Ra.Pra. Bi. Dighia, Construction of 2-room building in -25 | 6779552.58 | 2,00,000/- | 120 days from deadline ofbidsubmission | 3,000/- | |
| 4 | IDO/Saptari/Works/NCB/41-081/82 | Construction of local ring road at Kanchanrup N.P. in Saptaridistrict . | 6775208.72 | 2,00,000/- | 120 days from deadline ofbidsubmission | 3,000/- | |

**The Name And Idendification Of The Contract Under Single Stage Double Envelope Bidding Procedure Are As Follows :**

| S.N. | Contract Number | Description and location of work | Annual Average Construction Turn Over(in Millions) | Similar Size and Nature(in Millions) | Bid Security Amount(NRs) | Bid Security Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Saptari/Works/NCB/40-081/82 | Construction of Gajendra Narayan Singh Memorial Building and Museum, Rajbiraj Municipality, Saptari | 21.1Million | 8.40Million | 600,000.00 | 120 days from deadline of bid submission | 5,000/- |

**2. Date of Purchasing, Submission& Opening of Bids**

| Deadline of BidPurchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details forBid Security Cash Deposit |
|---|---|---|---|---|
| On or Before 11thApril,2025 (2081-12-29) Till 12:00 hours | On or Before 11th April, 2025 (2081-12-29) Till 12:00 hours | On 11th April, 2025 (2081-12-29) at 13:00 hours | Rastriya Banijya Bank, Saptari Office Code No: -3370115012 Account no: -1000100200010000 | Rastriya Banijya Bank, Saptari Office Code No: - 3370115012 Account no: -2130100000123001 |

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.For detail information eligible bidders may visit the IDO,Rajbiraj, Saptari (Contact no. 9852827525).
4. All the rights to accept or reject the bids are reserved to IDO, Rajbiraj, Saptari without specifying anyreasonsif any.

Office Chief

# परम्परा जोगाउँदै अठारौँ शताब्दीदेखिको माध्यमिकी परिक्रमा यात्रा



**मधेशदृष्टि**
**जलेश्वर ।**
नेपाल र भारतको मिथिलाञ्चल क्षेत्रमा अनादिकालदेखि प्रत्येक वर्ष चलिआएको १५ दिने माध्यमिकी परिक्रमा यात्रा भइरहेको छ । यस यात्रा गरेमा मोक्ष प्राप्त हुने धार्मिक मान्यता छ । भगवान् रामचन्द्र (मिथिलाबिहारी) र माता सीता (किशोरीजी) को डोलासँगै १५ दिनसम्म नेपाल र भारतका विभिन्न १५ धार्मिकस्थलमा बास बस्दै गरिने यस परिक्रमा यात्राले संसारको सबै दुःख, कष्टबाट मुक्ति मिल्ने धार्मिक मान्यता रहेको जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठक बताउँछन् । १५ दिनसम्म चल्ने माध्यमिकी परिक्रमा लामो पैदल यात्रा रहेकाले यस यात्रालाई मिथिलाको महाकुम्भ मानिन्छ । नेपाल र भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवम् पारम्परिक सद्भावको प्रतीक बनेको परिक्रमाको क्रममा नेपालमा ११ तथा भारतमा चार गरी १५ विश्रामस्थल छन् ।

विश्रामस्थलका पौराणिक एवम् धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनको आस्था रहेको पाइन्छ । मिथिलामहात्म्यअनुसार १८औँ शताब्दीदेखि यो धर्म यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको हो । यात्राका सहयात्रीले नेपालका १०७ एवम् भारतको २६ गरी १३३ किलोमिटर पैदल यात्रा तय गर्ने परम्परा छ । यात्राभरि यात्रीहरुसँग भगवान् रामचन्द्र र माता सीताले यात्रा गर्ने विश्वास गरिन्छ । यात्रीले मृत्युपश्चात् स्वर्ग प्राप्त गर्ने धार्मिक मान्यता रहेको जलेश्वर नगरपालिका–५ का संस्कृतिविद् धुरव रायले बताए ।

प्रत्येक वर्ष फागुन शुक्लप्रतिपदाको शुभसाइतबाट प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगी फागुन पूर्णिमाको तिथिपारि पारेर होली खेलेर समापन गरिन्छ । सीताको जन्मभूमि जनकपुरधाम ऐतिहासिक मिथिला राज्यमा पर्दछ भने मिथिलाका राजा जनकले प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा निर्माण गरिएका कलाणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वर शिवालयलाई आधार मानी यो परिक्रमा यात्रा शुरु गरिएको किंवदन्ती छ । जलेश्वर नगरपालिका–८ का पं बद्रीनारायण झाका अनुसार भगवान्को भक्ति गर्दै भगवान्सँगै गरिने यस यात्राका सहभागीहरुले चारधामको यात्रा बराबर फल प्राप्त गर्ने विश्वास गरिन्छ ।

प्रत्येक वर्ष फागुन शुक्लप्रतिपदाका दिन मिथिला नगरपालिकाको कचुरी गाउँमा अवस्थित मिथिला विहारीको कुटीबाट मिथिला विहारी (भगवान् रामचन्द्र) तथा जनकपुरस्थित अग्नि कुण्डका किशोरीजी (माता सीता) को डोला (पालकी) का साथ धार्मिक विधिअनुसार जानकी मन्दिर हुँदै धार्मिक झाँकी, भजनकीर्तन र साधुसन्त, महात्मा तथा हजारौँ यात्रीहरु परिक्रमा यात्रा शुरु गर्छन् । जनकपुरको हनुमानगढीबाट सुरु हुने परिक्रमाका यात्री पहिलो बासका लागि सीमावर्ती भारतीय गाउँ कलानेश्वर पुग्छन् । भजनकीर्तन गर्दै भगवान्को डोलाको अघिपछि पुग्ने यात्रीहरु राति भगवान्कै डोलाको चारैतिर बसेर भजनकिर्तन गर्ने, खानपिन गर्ने र सुतेर रात बिताउँछन् ।

दोस्रो दिन भारतकै सीमावर्ती गाउँ गिरिजास्थानमा बासका लागि पुग्छन् । तेस्रो रातको विश्रामका लागि नेपाल प्रवेश गर्दै महोत्तरीको मटिहानी आइपुग्छन् । यहाँ परिक्रमालाई मटिहानीवासी तथा महोत्तरी प्रशासनले पूजापाठ गर्दै विश्रामस्थलमा खानपानको व्यवस्था गर्दै आएको छ । मटिहानीमा माता सीताको विवाहको बेला मटकोर विधिभएको सम्झना गरिँदै यहाँ परिक्रमाको तेस्रो दिनको पराव (विश्राम) गरिने गरिन्छ । यसपछि क्रमशः महोत्तरीको सदरमुकाम जलेश्वरमा चौथो पराव, महोत्तरी गाउँपालिकाको मडैगाउँमा पाँचौँ, बलवा नगरपालिकाको धुरवकुण्डमा छैटौँ र भङ्गहा नगरपालिकाको कञ्चनवन गाउँमा सातौँ दिनको बास बसेर आठौँ दिन पुनः धुनषाको पर्वता पुग्छन् ।

धनुषाकै धनुषाधाममा नवौँ, षतोषरमा दशौँ, औरहीमा एघारौँ, फेरि भारतको करुणामा बाह्रौँ, भारतकै विशौलमा चौधौँ र अन्तिममा जनकपुरधाममा आएर पन्ध्राँ दिनको विश्राम गर्ने परम्परा छ । यस परिक्रमा यात्रामा नेपाल–भारतका हजारौँ साधु, सन्त महन्थ र गृहस्थहरुको सहभागिता रहँदै आएको छ । यात्रामा मिथिलाञ्चलका प्रत्येक गाउँ बस्ती मात्रै नभएर प्रत्येक घरका वयोवृद्धसहित तीनै पुस्ताको उल्लेख्य सहभागिता रहने गरेको छभने कतिपय घरका सदस्यहरुले जीवनमा पाँच पटक, सात पटक र कसैकसैले १० पटकसम्म यात्रा गरेको पाइन्छ ।

जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीका अनुसार यात्राका क्रममा नेपाल र भारतका १५ वटै पराव (विश्राम) स्थलमा १५ दिनसम्म ठूलो मेला लाग्ने गर्दछ । जहाँ लाखौँ रुपैयाँको कारोबार हुने गर्दछ । उहाँका अनुसार यस मेलामा खाद्यान्नदेखि घरायसी प्रयोजनका सामग्रीको किनमेल, खेल मनोरञ्जनलगायतका क्षेत्रमा व्यापार हुने गर्दछ । यस वर्ष फागुन १५ गतेदेखि सुरु भएको १५ दिने माध्यमिकी परिक्रमा यही फागुन २९ गतेसम्पन्न हुनेछ । रासस

# जलेश्वर भन्सारद्वारा आठ महिनामा दुई अर्ब राजस्व सङ्कलन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जलेश्वर भन्सार कार्यालय भिठ्ठामोडले चालु आर्थिक वर्षको आठ महिनामा दुई अर्ब १५ करोड ५० लाख ७४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्ष २०८१÷८२ को फागुन महिनाको हालसम्ममा ८३.८९ प्रतिशत राजस्व सङ्कलन भएको जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी रामकुमार विकले जानकारी दिए । चालु आर्थिक वर्षमा वार्षिक चार अर्ब ५३ करोड ६२ लाख ९० हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । तर कार्यालयले सो लक्ष्यको ४७.४१ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ । कार्यालयकाबाट प्राप्त विवरणअनुसार चालु आवको साउनमा ९२.१६, भदौमा ८३.८७, असोजमा ८७.५४, कात्तिकमा ७४.०२, मङ्सिरमा ८३.३६, पुसमा ७५.१४, माघमा ७४.७५ र फागुनको हालसम्ममा ८०.४४ प्रतिशत राजस्व सङ्कलन गरेको सूचना अधिकारी विकले बताए । जलेश्वर भन्सार कार्यालय भिठ्ठामोड नाकाबाट आयात हुने सामग्रीमा कुल राजस्वमध्ये पेट्रोलियम पदार्थको योगदान ४९.१४ प्रतिशत रहेको छ । भारतको विहार राज्यको मोतिहारी र अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालमनमा आएपछि जलेश्वर भिठ्ठामोडबाट आयात गरिने पेट्रोलियम पदार्थमा कमी आउँदा राजस्वको लक्ष्यमा कमी आएको उनले बताए ।

कार्यालयका अनुसार गत वर्षको तुलनामा चालु आवमा पेट्रोलियम पदार्थ, कोइला, आलु र चुना आयातमा कमी आएको छ । जलेश्वर भन्सार कार्यालयबाट मुख्य आयात हुने सामग्रीमा पेट्रोलियम पदार्थ, कोइला, आलु, चामल, गहुँ, दलहन, तरकारी, फलफूललगायत रहेका सूचना अधिकारी विकले बताए ।

# ठूलो परिमाणमा गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोल्हबीबाट प्रहरी हवल्दार बच्चालाल यादवको नेतृत्वमा खटिएको टोलिले ५६ किलो लागूऔषध गाँजा बरामद गरेको हो ।

बाराको कोल्हबी नगरपालिका ५ को कुमरगढी बाट सोनाभार तर्फ जाँदै गरेको नम्बर नखुकेको मोटरसाइकलमा सवार दुई जना व्यक्ति प्रहरि टोलिलाई देखे पछि उक्त लागूऔषध फाली मोटरसाईकल लिई फरार भएको प्रहरी प्रवक्ता विजय राज पण्डितले जानकारी दिए । लागूऔषध गाँजा नियन्त्रणमा लिई आवश्यक कानुनी प्रकृया अगाडी बढाईएको बारा प्रहरीले जनाएको छ ।

# नेशनल मेडिकलद्वारा दराज र टेबल सहयोग

**मधेशदृष्टि**
**वीरगञ्ज २७ फागुन ।**
नेशनल मेडिकल कलेज एण्ड शिक्षण अस्पतालले आफ्नो २४औँ वार्षिक उत्सवको अवसरमा वीरगञ्ज महानगरपालिका–१५ स्थित भिस्वा अस्थायी प्रहरी चौकीलाई स्टिल दराज र टेबल सहयोग गरेको छ । कलेजकी डाइरेक्टर डा. रुबी श्रेष्ठ यासमिनले अस्थायी प्रहरी चौकी भिस्वाका असई राजैश्वर प्रसाद मण्डललाई स्टिल दराज र टेबल हस्तान्तरण गरिन् । सहयोग हस्तान्तरण गर्दै उनले यसअघि पनि अस्पतालले विभिन्न सहयोग गर्दै आएको र आगामी दिनमा पनि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रममा नेशनल मेडिकल कलेज एण्ड शिक्षण अस्पताल प्रशासनका मौलाना नरुल होदा र पप्पु सिंहको उपस्थिति रहेको थियो ।

# सालको दुना–टपरीको माग अत्यधिक बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर रौतहटले उत्पादन गरेको वातावरणमैत्री सालको दुना–टपरीको माग अत्यधिक बढेको छ । समूहमा आबद्ध महिलालाई उद्यमशीलताको विकास गर्न भन्दै मेसिनको सहायतामा दुना–टपरी उत्पादन गर्दै आइरहेको छ । तर, समूहमा आबद्ध भएका महिलाले सालको पात टिपेर पञ्चिङ मेसिनद्वारा उत्पादन गरिएको दुना टपरीको माग थेगिनसक्नु छ । हातेमालो सामुदायिक उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले समूहमा आबद्ध भएका महिलालाई उद्यमशीलताको विकास गर्न सालको दुना–टपरीको व्यावसायिक उत्पादन गर्दै आइरहेको बताए । दुना–टपरी बनाउने उपकरण चलाउँदै आइरहेकी लक्ष्मी लामाले आफ्नै गाउँघरमा सानो भए पनि उद्यम गर्न पाएकामा हर्षित भएको बताइन् । टपरी बनाउनका लागि सालको पातलाई सामान्य ढङ्गले खुटेर फलामको डाइमेसिनमा राखेर टपरी वा दुनाको आकार दिने गरिन्छ । समूहले २०८० जेठ १० गतेदेखि व्यावसायिक रूपमा सालको दुना–टपरीको उत्पादन गर्दै आइरहेको छ । यहाँ दैनिक छ सय टपरी र एक हजारको हाराहारीमा सानाठूला दुना उत्पादन हुने गर्छ ।

# जीएचपीको ग्रान्ड जुनियर स्पोर्ट्स मिट सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको श्रीपुरस्थित जीएचपी माध्यमिक विद्यालयले मंगलबार ग्रान्ड जुनियर स्पोर्ट्स मिट कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ । हरेक वर्ष झैं यस वर्ष पनि विद्यालयले विद्यार्थीहरूका लागि विभिन्न खेलकुद कार्यक्रमको आयोजना गरेको थियो । सो क्रममा विद्यार्थीहरुले दौड प्रतियोगिता, बनाना ईटिङ, सामुहिक दौड र सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरेका थिए । प्रतियोगितामा प्रथम, द्वितिय र तृतिय भएका विद्यार्थीहरुलाई शिल्ड, मेडल बितरण गरिएको थियो ।

विद्यालयका डाईरेक्टर जग सिंहको अध्यक्षतामा समपन्न भएको कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष हिरा गिरिले विद्यार्थीहरुको प्रदर्शनले आफु धेरै प्रभावित भएको बताए । साथै यनले शिक्षाकोसँगै खेलकुदमा समेत विद्यार्थीहरुलाई समावेश गराउन जरुरी रहेको बताए । विद्यालयका डाईरेक्टर जग सिंहको अनुसार, युवा खेलाडीहरूलाई प्रेरित गर्न तथा उनीहरूको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो । खेलकुदले विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले विद्यालयले हरेक वर्ष यस प्रकारका गतिविधिहरू सञ्चालन गर्ने गरेको उनले बताए ।

# मीनाबाजार क्षेत्रमा टाँगा व्यवस्थित गरियो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकावडानम्ब र ८ घण्टाघरको मीनाबाजार क्षेत्रमा टाँगा व्यवस्थित गरिएको छ । सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिकाको कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा, वीरगंज ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले संयूक्त रुपमा टाँगालाई व्यवस्थित गरेको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए । खेतानको नेतृत्वमा वीरगंज महानगरपालिकाका नगर प्रहरी प्रमुख हरी भुसाल लगायतहरुले टाँगा व्यवस्थित गरेको हो । नगरका टागावलाहरुले रोडमा धेरै नै फोहोर गरेको हुँदा फोहोर नगरौं, बस पार्कको बाटो टाँगा चलाऊ र बाटोको निकास, तथा सरसफाई सम्बन्धी निम्न बुँदाहरू माथि सम्झाई बुझाइ गरी टाँगा व्यवस्थित गरिएको केन्द्रका अध्यक्ष खेतानले बताए ।

## सम्पादकीय

# संयमतापूर्वक राजावादी र गणतन्त्रवादीहरु अघि बढ

मध्यपश्चिम र पश्चिमका जनतासँग साक्षात्कार गरेर आइतबार पोखराको एकमहिने बसाई टुंग्याएर पूर्वराजा ज्ञानेन्द्र शाह काठमाडौँ आएका हुन् । निर्मल निबासमा फर्केका पूर्वराजाका पक्षमा जुन जनसागर उर्लियो, यो जनसागरलाई राजनीतिसँग जोड्ने हो भने गणतन्त्रको १७ वर्षे यात्रामा राजनीतिक दलहरुले बढाएको असन्तुष्टिको स्केल उच्च भएको हो।

जनताले थेग्नै नसक्ने महंगी, अभाव, राजनीतिक प्रतिशोध, नातागोता पालनपोषणमा दलहरुले गरेको बदमासीको उपज हो जनसागर । यो जनसागरले अहिले नै जनमत संग्रह या निर्वाचन गरेर गणतन्त्रको विपक्षमा भनेर बुझने बेला भइसकेको त छैन तर देशको आर्थिक अवस्था ग्रे लिस्टमा परेजस्तै गणतन्त्र पनि ग्रे लिस्टमा परेको पक्का हो । युद्धमार्फत ल्याइएको परिवर्तनमा वश सत्ता फेरबदल भन्दा माथि माओवादी उक्लन सकेन, कांग्रेस र एमालेको भाइ भएर माओवादीले पनि परिवर्तनलाई आफन्त पालपोष र अवसरको चास्नीमा डुबाए । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको परिवारवादमा माओवादी बोल्नै नसक्ने भयो । अर्कातिर विदेशमा बसेकाले बनाइदिएको आर्थिक हैसियतका भरमा मुलुक चलिरहेको छ।

५ लाख घर मान्छे नबस्ने भएर खाली छन् । पुरव्यौली सम्पत्ति बेचेर तीन पुस्ता नै अमेरिका, अष्ट्रेलिया, क्यानडा, जापान र केही नभए खाडी मुलुकतिर सिफ्ट हुन खोजिरहेका छन् । यस्तो विरक्त र कहालीलाग्दो अवस्थामा देशको आर्थिक अवस्था जर्जर छ । नयाँ उद्योग छैन, अवसर छैन, कालो सूचीहरुका सत्ताका आडमा सुरक्षित छन्।

आपराधिक पृष्ठभूमिका व्यक्ति कारबाही उन्मुक्त छन् । यसरी नै गणतन्त्रको खराब पक्षमा मात्रै बहस चलाइएको छ । जनसागर उरालिएको छ । विगतमा रुमानी सपना देखाउनेहरु नै यतिखेर सत्ताको चास्नीमा डुबेका छन् र बाँकी जनता, र विगतका सहयोगी बिचौलिया र दलाललाई उछिनेर राज्य सञ्चालकहरुसम्म पुग्नै रोकिएका छन् । नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर बेच्नेदेखि प्रदेश सरकार ढाल्ने र बनाउने काममै दलहरुले गरेको कसरतले संघीयतासँग नागरिक असन्तुष्ट छन् । स्थानीय र केन्द्र सरकार भए हुन्छ भन्ने भाष्य बनेको छ । हो पनि प्रदेश सरकारले गर्नु पर्ने काम गरेको छैन, मन्त्री भएकाहरुले सांसदहरुलाई पनि नपत्याउने गरी बजेट बाँडेका छन् । राज्यले दिने सुविधाको ठूलो अंकगणित देखाइएको छ र देश टाट पल्टियो भन्ने भाष्य दलहरुले खण्डन गरेनन् । अख्तियारसँग डराएनन् । राज्यसँग डराएनन् । अग्रजहरुसँग डराएनन् ।

वश ज्ञानेन्द्र शाह घर फर्कँदा आमनागरिक स्वागत गर्न उत्रँदा आफ्नो कमजोरी नस्वीकारेर चुनौती दिने नेता डराएका छन् । यस्तो बेला छिमेकी मुलुक भारतका हिन्दूवादीको पनि साथसमर्थन हो कि भन्ने देखिएको छ । सोमबार नै काठमाडौँमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको बैठक बसेको छ।

सरकारको रवैयाले राजावादी हौसिए भन्ने माओवादीको निष्कर्ष छ । समाजवादीले चैत १ गतेदेखि आन्दोलनको तयारी गरेको छ । राजावादी समूहको साथ लिएर राप्रपाले पनि चैत १ गतेदेखि राजतन्त्रका पक्षमा आन्दोलन घोषणा गरेको छ । सत्तामै रहेका जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी पनि गठबन्धनसँग असन्तुष्ट छ । नेपाली कांग्रेसको मौनता बुझिनसक्नु छ । कांग्रेसमा पनि हिन्दूमत र मनहरु एकाकार हुँदैछ।

समग्रमा भन्ने हो, चैतदेखि देश मुठभेडतर्फ जाने देखिन्छ । राजतन्त्र र गणतन्त्रका मुद्दामा जनता विभाजित भएर फेरि पनि कुनै अप्रिय घटना र रक्तपातबाट देश बचाउन दलहरु गम्भीर हुन जरुरी छ । राजावादी समूहले पनि संयमता अपनाउन आवश्यक छ।

# 'बेरोजगारी समस्या, विदेसिनु बाध्यता'

**राधिका बुढाथोकी**



सिन्धुलीको सदरमुकाम सिन्धुलीमाडी बजार शान्त छ । बसपार्क सडक छेवैका चिया पसलहरुमा भने चहलपहल देखिन्छ। गाउँ सुनसान पारेर सहरमा उज्यालो भविष्य खोज्न हिँडेका केही युवाहरु हतारोमा छन्, कोही गफमा मस्त । यहीँ एउटा कुनामा एक्लै चिया पिउँदै छन्, पुजन बस्नेत।

पुजन सिन्धुलीको तीनपाटन गाउँपालिका–११, कन्याखोलाका बासिन्दा हुन् । २२ वर्ष पुगेका यी युवाले सूचना तथा प्रविधि (आइटी) मा स्नातक गरेका छन् । उनीसँग वेबसाइट बनाउने, मोबाइल एप बनाउने, ग्राफिक्स डिजाइन र भिडियोग्राफी गर्ने सीप छ । तर, सीप र संघर्ष अनुसारको कमाई छैन।

पुजन जिल्लामै केही गर्ने सोचले अघि बढ्न खोजे । आफ्ना साथीसँग मिलेर स्थानीय रूपमा केही काम गर्ने प्रयास गरे । तर, लगानीको अभाव भयो । बैङ्कहरूले कर्जा पत्याएनन्, परिवारको आर्थिक कमजोर थियो । 'तपाईसँग सीप छ, आफ्नै व्यवसाय थाल्न सक्नुहुन्छ नि !' उनले मुस्कुराउँदै भने, 'लगानी छैन । बिना धितो बैङ्कले कर्जा दिँदैन । विदेश गएर पैसा कमाउँछु, अनि फर्केर व्यवसाय गर्छु ।'

रोजगारीका लागि विदेसिनु उनको रहर नभएर बाध्यता बन्यो । उनले देशमै रोजगारीको प्रयास नगरेको कहाँ हो र १ स्थानीय तहमा आइटी अफिसरका लागि आवेदन दिए । १५ पटक परीक्षा दिनुभयो । लिखितमा नाम निस्कियो, तर मौखिकमा भने जति पैसा बुझाउन नसक्दा अनुत्तीर्ण गराइयो । 'एक पटक होइन, पटक–पटक पैसा मागियो । एउटा पालिकामा आठ लाखसम्म मागियो । मैले कहाँबाट ल्याउनु त्यति पैसा ?' उनले चियाको चुस्की लिँदै भने, 'त्यसैले अब विदेश जाँदैछु ।' जगिरमा लाग्न शक्तिमा भएकाहरुको सिफारिस वा घूस चाहिने तीतो अनुभव पुजनले निराश हुँदै सुनाए।

हुन त, पुजनले जिल्लास्थित एक संस्थामा सीपअनुसारको काम गरिराखेका छन् । तर श्रमअनुसारको पारिश्रमिक नपाउँदा उनमा नैराश्यता भित्रिएको छ । श्रम बिहानदेखि रातिसम्म गर्नुपर्छ । तोकिएको १० हजार रुपैयाँ मासिक तलब पनि समयमा पाइँदैन । यसले आफ्नो व्यक्तिगत जीविका गुजार्नसमेत उनलाई धौधौ हुन्छ।

पुजनका धेरैजसो साथीहरू पहिल्यै विदेश गइसकेका छन् । कोही अस्ट्रेलिया, कोही अमेरिका, कोही खाडी मुलुकमा छन् । पुजनले पनि विदेश जाने प्रक्रिया पूरा गरिसकेका छन् । उनी अब केही दिनमै इटाली जाँदै छन् । सीप भएका, केही गर्ने जोस भएका तर अवसर नपाएका पुजनजस्तै युवाहरू जिल्लाभित्र कम छैनन् । देशभित्र अवसर खोज्न धाइरहेका छन् तर जब भ्रष्टाचार, सिफारिस र राजनीतिक चलखेलको सामना गर्नुपर्छ, उनीहरू हार खाएर विदेसिन बाध्य हुन्छन्।

यो केवल एकजना युवाको कथा होइन, यो लाखौँ युवाको साझा व्यथा हो । यसैका कारण विशेषगरी जिल्लाको ग्रामीण क्षेत्रमा बिहानै खोल्सामा पानी भर्ने, खेतबारीमा जाने, गाउँलाई उज्यालो बनाउने, बिरामी पर्दा बुबाआमाको स्याहार गर्ने युवाहरु देखिँदैनन् । सुनसान देखिन्छन् गल्लीहरू । सहरको उज्यालो सपना बोक्ने युवाहरु यहाँ भेटिँदैनन् । कोही पढ्न हिँडेका छन्, कोही रोजगारीको खोजीमा छन्, कोही भने भोलिका अनिश्चित यात्राबारे सोचिरहेका भेटिन्छन्।

एक्काइस वर्षीया सविना दनुवार पनि यस्तै यात्राको दोबाटोमा उभिएकी छन् । अहिले बिबिएस दोस्रो वर्षमा अध्ययन गर्दै छिन् तर उनको पढाइ निरन्तर रहने कि अधुरै छोड्ने भन्ने अन्योल उस्तै छ । 'घरको अवस्था दयनीय छ । जागिर छैन । दैनिक खर्च चलाउन गाह्रो छ । अब पढाइ छोडेर विदेश जाने सोच्दैछु,' सविनाले सुनाइन्।

सविनाका साथीहरूमध्ये कोही अस्ट्रेलिया गइसके, कोही दुबई । उनीहरूसँग बेलाबेला कुराकानी हुन्छ।

'विदेश गएर दुःख गरे पनि यहाँभन्दा कमाई राम्रै छ,' भन्ने उनीहरूको भनाइले सविनालाई पनि त्यही बाटो रोज्न बाध्य बनाइरहेको छ । 'सिन्धुलीमा जागिरका अवसर सीमित छन् । जहाँ अवसर छ, त्यहाँ सिफारिस चाहिन्छ, घूस चाहिन्छ । मसँग न त बलियो स्रोत छ, न त पैसा,' सविनाले भनिन्।

आफ्नो ठाउँमा आयआर्जन गर्ने अवसर नभेटिएकी सविनालाई परिवारले विवाह गर्न दबाब दिइरहेका छन् । तर उनलाई आफ्नो खुट्टामा आफैँ उभिएर त्यो निर्णयमा पुग्ने सोच्च छ । पढ्दै, कमाउँदै गर्न कठिन सङ्घर्ष गरिरहनु भएकी सविना अब विदेश जाने तयारीमा छिन् । पुजन र सविना त यस कथाका प्रतिनिधि पात्र मात्रै हुन् । जिल्लामा सञ्चालित कन्सलटेन्सीमा विद्यार्थीको भीडभाड हेर्ने हो भने सहजै अनुमान गर्न सकिन्छ की जिल्लाका थुप्रै युवा रोजगारीको खोजीमा विदेश जाने तरखरमा छन्।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट पाँच वर्षको अवधिमा २८ हजार ६५२ जना युवाले राहदानी बनाएको तथ्याङ्कले देखाउँछ । आर्थिक वर्ष २०७७ देखि २०८१ माघ १३ सम्म उक्त सङ्ख्यामा राहदानी बनाएका हुन् । वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई सूचना, परामर्श, सीप विकास, कानुनी सहायता, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता प्रदान गर्दै आएको सुरक्षित आप्रवासन परियोजना, सिन्धुलीका संयोजक विजय दाहालका अनुसार गएको दुई वर्षयता बर्सेनि १० हजार युवा जिल्लाबाट विदेश गइरहेका छन्।

वैदेशिक रोजगार र पढाइको सिलसिलामा विदेश गएका युवाको आकलन तथ्याङ्क जिल्ला प्रशासन कार्यालय र सुरक्षित आप्रवासन केन्द्रमा हुने गरेको भए पनि फर्किएकाहरुको तथ्याङ्क सम्बन्धित निकायसँग छैन । सुरक्षित आप्रवासन केन्द्र, सिन्धुलीका अनुसार १६ वर्षयता रोजगारीका लागि विदेश गएकाहरुमध्ये १५१ जनाको विभिन्न कारणले उतै मृत्यु भएको छ । एघार वर्षयता ५१ जना बिरामी र काम गर्ने सिलसिलामा अङ्गभङ्ग भएर फर्किएका छन् । यसरी फर्किनेहरुमा विदेश जाँदा लागेको ऋणसमेत तिर्न नसकेकाहरु रहेको पाइएको छ।

नेपालमा सरकारले रोजगारी सिर्जना गर्न नसक्दा युवा विदेसिन बाध्य छन् । नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि मुकेश घिमिरेका अनुसार सरकारले सीप भएकाहरुलाई समेत उचित अवसर प्रदान गर्न सकेको छैन । उत्पादनमूलक क्षेत्र सीमित हुनाका साथै उद्योग, कलकारखाना, व्यापार–व्यवसायलाई तथा निजी क्षेत्र प्रोत्साहित गर्ने नीति प्रभावकारी ढङ्गले लागू गर्न नसक्दा रोजगारीको अभाव झन् चर्किएको छ । स्थानीय सरकारले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नका लागि विशेष खालका कार्यक्रमहरु गरेको पाइँदैन । 'सरकारले निजी क्षेत्रलाई आवश्यक सहजीकरण र प्रोत्साहन दिएको भए देशभित्रै रोजगारीको अवसर वृद्धि हुने थियो । तर त्यसो हुन नसक्दा, रोजगारी नपाएर नेपाली युवाहरू विदेसिन बाध्य छन्,' युवानेता घिमिरेले भने।

देशभित्रै पर्याप्त रोजगारी सिर्जना गर्न सरकार र निजी क्षेत्रबीच समन्वय आवश्यक रहेको उनको बुझाइ छ । उत्पादनमूलक उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सके सीप भएका युवा विदेसिने बाध्यता कम हुने उनले बताए । हालै तीनपाटन गाउँपालिका–१ बेलघारीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गरेर बेलुका सिन्धुलीमाडी आइपुग्नुभएका कांग्रेस महामन्त्री गगनकुमार थापाले समय सान्दर्भिक विषयमा युवाहरुसँग संवाद गरे । युवाहरुले बढ्दो बेरोजगारीका कारण देश छाड्ने युवा बढिरहेका र समाजमा देखापरेका समस्याहरुका बारेमा सुनाएका थिए।

महामन्त्री थापाले बेरोजगारी समस्याले युवाहरु विदेसिनु बाध्यता रहेका कुरालाई केन्द्रमा राखेर कांग्रेसले अब एक वर्षसम्म 'मिसन रोजगारी' अभियान सञ्चालन गर्ने जानकारी गराए । उनले भने, 'रोजगारीका क्षेत्र र सम्भावनामाथि सबै क्षेत्रसँग बहस चलाउने कांग्रेसको योजना छ । यसले समस्याको पहिचान र समाधानको उपाय खोजी गर्न सहज हुनेछ । राजनीतिक छलफल, संसद् वा अन्य स्थानमा रोजगार केन्द्रित बहस हुन नसकेका बेला कांग्रेसले मिसन रोजगारी अभियान चलाउँदैछ ।'

रोजगारी सिर्जना गर्न सकिने माध्यम र समस्याका बारेमा पार्टीकै तर्फबाट अध्ययन र अनुसन्धान गरिने कांग्रेसको योजना छ । संवादका लागि छुट्याइएका विषयमा रोजगारीको अर्थ राजनीति, वैश्विक परिदृश्य, उत्पादकत्वको समस्या, सीपको समस्या, व्यावसायिक सुरक्षा, श्रम र रोजगारीको भविष्य लगायत छन्।

महामन्त्री थापाले नेपालमा रोजगारी छैन भनिरहँदा किन प्राप्त हुन सकिरहेको छैन भन्नेबारे अध्ययन नभएको बताए । गत आइतबार नै कांग्रेसले 'मिसन रोजगारी' अभियान औपचारिक रुपमा सुरु भएको उद्घोष गरेको छ।

के कांग्रेसको यो अभियानले माथिको कथाका प्रतिनिधि पात्रहरु पुजन र सविना जस्ता युवाहरु विदेसिनुको बाध्यता, बेरोजगारी र यसले समाजमा देखिएका समस्याहरुलाई सम्बोधन गर्न सक्ला त रु भन्नेको जवाफको खोजीमा धेरै युवा पर्खिएका छन् । रासस

# महिलाहरूबीच प्रतिस्पर्धा हुनेगरी निर्वाचन क्षेत्र छुट्याउनुपर्छ



**पूजा चौधरी**

एक वर्षदेखि राष्ट्रियसभामा रहँदै गर्दा मैले आफ्नो जिम्मेवारी इमान्दारीका साथ पूरा गरेको छु भन्ने लागेको छ । यो एक वर्षको कार्यकाल चुनौतीपूर्ण भयो । सभामा बोल्दा बाहिर बोलेको जस्तो हुँदोरहेनछ । संसद्मा अलि बढी अध्ययन गरेर,अनुशासित भएर बोल्नुपर्ने रहेछ।

यो एक वर्षको बीचमा संसद्मा बाढी, पहिरो, डुबान, आगलागी, भूकम्पलगायत जनताका जल्दाबल्दा समस्या गम्भीरताका साथ सभामा उठाउन पाएँ । महिला अधिकार, महिला हिंसाको अन्त्य, मधेसी समुदायको सवाल, देशमा बढ्दै गएको महँगी, भ्रष्टाचार, शान्ति, सुरक्षालगायत विषयमा पनि संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएँ।

त्यसैगरी, संविधानको मर्मअनुरुप कानुन बनाउने विषयमा योगदान गरिरहेकी छु । संविधान जारी भएको १० वर्ष पुग्न लागेको छ । संविधानको मौलिक हकअन्तर्गतका धेरै कानुन बनाउन बाँकी छन् । महिला, दलित, मधेसी, मुस्लिम, आदिवासी जनजातिलगायत उत्पीडित समुदायसँग सम्बन्धित कानुन बन्न सकेका छैनन् । जनतासम्म पुगेर उनीहरूका समस्यालाई संसद्मार्फत सरकारसम्म पुर्याउने काम गर्दै आएकी छु । सरकारको नीति तथा कार्यक्रम र बजेटलाई जनता केन्द्रित बनाउन धेरैपटक संसद्मा आवाज उठाएकी छु।

संविधान कार्यान्वयन गर्ने दायित्व सरकारको मात्र होइन, राज्यका सबै अङ्गको हो । राज्य भनेको तपाईँहामी पनि हौँ । संविधानको कार्यान्वयन तपाईँ हामीले नै गर्नुपर्छ । सरकारले संविधान कार्यान्वयन गरेन भन्दा पनि हामीले कार्यान्वयन गरेनौँ भन्नुपर्छ । संविधानअनुसार भनेजति कानुन बन्न सकेका छैनन् । बनिसकेका कानून कति कार्यान्वयन भए भन्ने मूल प्रश्न हो।

संविधान संशोधनको विषयलाई हामीले संसद्मा पनि उठाउँदै आएका छौँ । खासगरी महिलाको हकमा संविधान संशोधन गर्नुपर्छ । महिलाको लागि छुट्याइएको समानुपातिक निर्वाचन प्रणालीबाट मात्रै भन्दा पनि प्रत्यक्ष निर्वाचनबाट महिलालाई संसद्मा ल्याउन सक्नुपर्छ । महिलाहरू केबल समानुपातिकबाट मात्रै आएर हुँदैन । महिलाका लागि ३३ प्रतिशतले मात्रै हुँदैन । पुरुषसँग होइन, महिला–महिलाबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणाली हुनुपर्छ । त्यसका लागि निर्वाचन क्षेत्र सुनिश्चित गरिनुपर्छ । महिलाको सवालमा संवैधानिक अधिकार र भएका कानुन कार्यान्वयन गर्नुपर्छ।

त्योसँगै महिलाको आर्थिक अधिकार पनि बढाउनुपर्छ । महिला आफैँ पनि आत्मनिर्भर बन्नुपर्छ । त्यसका लागि महिलाको शिक्षामा सरकारले लगानी गर्नुपर्छ । महिलाको आर्थिक अवस्थामा सुधार ल्याउन र उनीहरूलाई आत्मनिर्भर बनाउन महिलाका निम्ति उद्योग, कलकारखाना खोल्न सरकारले विशेष प्राथमिकता दिनुपर्छ । महिला पुरुषमा परनिर्भर हुने होइन, आत्मनिर्भर बन्नुपर्छ।

सङ्घीयता सुदृढीकरणका लागि सङ्घीय सरकारले ल्याउनुपर्ने निजामती सेवा ऐन, शिक्षा ऐन र प्रहरी ऐनलगायत सङ्घीयतासँग जोडिएका कानुनलाई जतिसक्दो चाँडो ल्याउनुपर्ने हुन्छ । हाम्रो देश बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएको हुनाले सबै भाषा र जातिलाई समेटेर लैजानुपर्छ । सङ्घीयता सुदृढीकरणका लागि स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुपर्छ । सङ्घीयता सुदृढीकरणका लागि संघीय सरकारको ठूलो भूमिका हुन्छ । त्यो भूमिका सङ्घीय सरकारले पूरा गर्नुपर्छ।

हामी सुशासनको कुरा धेरै गर्छौँ तर व्यवहारमा कार्यान्वयन गर्दैनौँ । मन्त्री वा दलका नेताले सुशासनको कुरा धेरै गरेका हुन्छन् तर उनीहरूले नै त्यसलाई भङ्ग गरेको पाइन्छ । सुशासनका निम्ति पहिला भ्रष्टाचार अन्त्य गर्नुपर्छ । अर्को, सुशासनको अनुभूति हुनेगरी सङ्घीय, प्रदेश र स्थानीय तीनै तहको सरकारले जनतालाई द्रुतगतिमा सेवा दिनुपर्छ । अहिले पनि जनताले घुसबेगर समयमा सहज रूपमा सेवा पाउन सकेका छैनन्।

नेपाली युवा अहिले विदेश पलायन हुनेक्रम बढेको छ । यो अवस्थाको अन्त्यका लागि देशभित्र रोजगारीको अवसर सृजना गर्नुपर्छ । अर्को, शिक्षा प्रणालीमा पनि परिवर्तन गर्नुपर्ने आवश्यकता छ । रोजगारमूलक शिक्षा प्रणाली बनाउनुपर्छ । शिक्षालाई गुणस्तरीय बनाउनुपर्छ । विदेश अध्ययनका लागि जाने नेपाली विद्यार्थीको सुरक्षाका बारेमा पनि सरकार चनाखो हुनुपर्छ । पछिल्लोपटक भारतमा नेपाली विद्यार्थी प्रकृति लम्सालको घटनालाई हेर्न सकिन्छ।

राजनीतिक दलहरूको ध्यान सरकार बनाउने र ढाल्ने खेलमै गएको देखिन्छ । दलहरू जनताको सेवा गर्नेभन्दा व्यक्तिगत स्वार्थमा केन्द्रित हुनु मुलुककै लागि दुर्भाग्य हो । आफ्ना नेता, कार्यकर्ताको संरक्षण र पक्षपोषणमै दलहरूले समय दिइरहेका छन् । त्यसो गर्नु हुँदैन । नेता भनेको एउटा पार्टीको र कार्यकर्ताको मात्र होइन, सम्पूर्ण जनताको हो।

राजनीतिक पार्टीले निर्वाचनको समयमा जनतासमक्ष राखेका वाचा पूरा गर्नुपर्छ । चुनावको समयमा जनतालाई दिएका आश्वासन पूरा गर्नका लागि पनि सबै राजनीतिक दलहरू एक ठाउँमा आउनुपर्छ । विरोधका लागि विरोध गर्नु हुँदैन । कम्तीमा सरकारले गरेका राम्रा कामलाई राम्रो भन्न सक्नुपर्छ।

संसद्मा रहँदैगर्दा मधेसी समुदायमा देखिएको अशिक्षाको समस्या समाधान गर्नका लागि पहल गर्नुपर्ने छ । मधेसी सुमदायमा रहेको गरिबी अन्त्य गर्नका लागि मैले भूमिका निर्वाह गर्नुपर्ने छ । अहिले पनि मधेसी समुदायका महिला दोहोरोतेहोरो मारमा परेका छन् । अरु प्रदेशको तुलनामा मधेसमा महिला हिंसा अलि बढी छ । मधेसमा हुने महिला हिंसा अन्त्य गर्नका लागि मेरो भूमिका रहने छ । जबसम्म मानिस शिक्षित हुन सक्दैन, तबसम्म देशको विकास हुन सक्दैन।

मधेसका समुदायलाई कमजोर बनाएर समृद्ध नेपाल निर्माण हुन सक्दैन । सरकारले अघि सारेको 'सुखी नेपाली, समृद्ध नेपाल'को आकाङ्क्षा पूरा गर्न मधेसी समुदायलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक रूपमा अझ बलियो बनाउनुपर्छ । उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीमा राज्यले लगानी गर्नुपर्छ । रासस

# प्रशिक्षणले पार्टीलाई सशक्त बनाउँछः देउवा



**सुदूरपश्चिम ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको प्रशिक्षक प्रशिक्षण कार्यक्रमले पार्टी सङ्गठनलाई मजबुत बनाउन मद्दत पुग्ने बताएका छन् । नेपाली कांग्रेस, केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा मंगलबार धनगढीमा आयोजित प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सभापति देउवाले गाउँ टोलसम्म सम्पर्क बढाएर जनताका सुखदुखमा साथ दिँदै सङ्गठनलाई सशक्त बनाउनमा प्रशिक्षणको भूमिका महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे । उनले भने, 'चुनाव आउन धेरै समय बाँकी रहेपनि आपसी मतभेद एवं असमझदारी हटाएर पार्टीलाई एकजुट बनाउन सकेमा जितको लहर आउनेछ ।'

पार्टीका उपसभापति एवं केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रमुख पूर्णबहादुर खड्काले प्रशिक्षक प्रशिक्षणपछि पार्टीको नीति, सिद्धान्तका साथै संघीयता र विकासलगायतका विषयलाई प्रभावकारी बनाउन सहयोग पुग्ने बताए ।

उनले हालसम्म पार्टीले चार प्रदेशमा प्रशिक्षण सम्पन्न गरिसकेको जानकारी दिए । प्रशिक्षण दुई दिनसम्म चल्ने जनाइएको छ ।

यसैबीच, विश्व खाद्य कार्यक्रम (डब्लुएफपि) अन्तर्गत धनगढी उपमहानगरपालिका–१३ मा निर्मित प्रादेशिक आपत्कालीन गोदाम घर मंगलबार सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ ।

गृहमन्त्री रमेश लेखकले प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई मंगलबार उक्त गोदाम घर हस्तान्तरण गरेका हुन् ।

गृहमन्त्री लेखकले जुनसुकै बेला हुनसक्ने जोखिमको विपद् व्यवस्थापन गर्ने पहिलो निकाय स्थानीय सरकार रहेकाले यस्ता गोदाम घर स्थानीय सरकारसँग पनि हुन जरुरी रहेको बताए । उक्त गोदाम घर अबदेखि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मातहत सञ्चालन एवं व्यवस्थापन हुने भएको छ । रासस

# पलायन हुने हैन, देश बनाउन लाग्नुपर्छः प्रधानमन्त्री



**मोरङ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले आमयुवा विद्यार्थीलाई पलायन हुने नभइ देश निर्माणमा लाग्न आग्रह गरेका छन् ।

मंगलबार मोरङमा पूर्वाञ्चल विश्वविद्यालयको १३औँ दीक्षान्त समारोहमा दीक्षित विद्यार्थीलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं कुलपति ओलीले देश र जनताका लागि ईमान्दारीपूर्वक सेवा गर्नुपर्नेमा जोड दिए ।

उनले विश्वविद्यालयमा आर्जेको ज्ञान देशकै हितमा लगाउनुपर्ने र त्यसका लागि सहज वातावरण बनाउन सरकारले सम्पूर्ण रूपमा प्रयत्न गरिरहेको बताए ।

प्रधानमन्त्री ओलीले विश्वविद्यालयको विकासका लागि संघीय सरकारको पूर्ण साथ र सहयोग रहने बताए ।

दीक्षान्त समारोहमा आठ हजार एक सय ५० विद्यार्थी दीक्षित भएको विश्वविद्यालयका सूचना अधिकारी टेकप्रसाद अधिकारीले जानकारी दिए ।

उनका अनुसार कला संकायतर्फ दुई सय चार, कानुनतर्फ चार सय ९७, शिक्षाशास्त्रतर्फ नौ सय छ, व्यवस्थापनतर्फ दुई हजार २४९, चिकित्साशास्त्रतर्फ दुई हजार १९८, विज्ञान तथा प्रविधि संकायतर्फ छ सय ५४ तथा इञ्जिनियरिङतर्फ एक हजार ४४२ विद्यार्थी दीक्षित भएका छन् । रासस

# जनताका समस्या सम्बोधन गर्न अध्यक्ष दाहालको सुझाव



**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताका समस्या सम्बोधन गर्न सरकारलाई सुझाव दिएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विशेष समय लिएर बोल्दै उनले मिटरब्याज पीडितले न्याय नपाएका र गुठी पीडित जनताका माग सम्बोधन नभएकामा जनता पीडित भएका बताए ।

मुलुकको शान्तिप्रक्रिया गणतन्त्र स्थापनाको प्रस्थान विन्दु थियो भन्दै उनले राजतन्त्रको अन्त्यका क्रममा देखाइएको सदाशयतालाई कमजोरी नठान्न सम्बद्ध पक्षलाई सचेत गराए । जनताको त्याग र बलिदानबाट प्राप्त व्यवस्थाका विरुद्ध जाने छुट कसैलाई नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले लोकतन्त्र र राजतन्त्रको तुलना हुनै नसक्ने बताए ।

लोकतन्त्रका मूलभूत सिद्धान्त नमानेर असंवैधानिक र अलोकतान्त्रिक बाटो अवलम्बन गरिए क्रान्तिले आफ्नो मार्ग तय गर्ने चेतावनी उनले दिए । उनले गणतन्त्रको विकल्प राजतन्त्र हुनै नसक्ने भन्दै लोकतन्त्रभित्रै आफ्नो ठाउँ खोज्न राजावादीलाई आग्रह गरे । अध्यक्ष दाहालले भने, 'राजावादीलाई मेरो आग्रह छ लोकतन्त्रभित्रै आफ्नो ठाउँ खोज्नुस् । हामीलाई आपत्ति छैन ।' उनले सत्तासिनहरूको कुशासनले पनि लोकतन्त्रलाई चुनौती दिइरहेको बताए । रासस

# उपभोक्ता अदालत चैत २ गतेदेखि सञ्चालनमा आउने



**काठमाडौँ ।**
उपभोक्ता अदालत आगामी चैत २ गतेदेखि सञ्चालनमा आउने भएको छ । कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मंगलबार प्रतिनिधिसभा बैठकमा उपभोक्ता अदालत गठनसम्बन्धी सूचना टेबुल गर्दै चैत २ गतेदेखि अदालत सञ्चालनमा आउने जानकारी दिए । उपभोक्ता संरक्षण ऐन २०७५ को व्यवस्थाअनुसार यो अदालत गठन भएको हो । सरकारले काठमाडौँ उपत्यका मुकाम रहने गरी काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाभित्रका उपभोक्ता सम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन थियो छ । उपभोक्ता अदालतमा काठमाडौँ जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई अध्यक्षको जिम्मेवारी दिइएको छ । त्यस्तै, न्याय समूहअन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत गेहेन्द्रराज रेग्मी र सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत आनन्दराज पोखरेललाई सदस्य तोकिएको छ । त्यस्तै मंगलबारको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पेस गरेको 'राष्ट्रिय सभामा उत्पत्ति भएको आमसञ्चार परिषद् विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित सम्बन्धित समितिमा पठाइयोस्' भनी पेस गरेको प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।

रेडियो, टेलिभिजन, अनलाइन, डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमको व्यवस्थापन एवं नियमनका लागि नयाँ कानुनी व्यवस्थासहित यो विधेयक ल्याइएको हो । विश्व प्रेस काउन्सिल, दक्षिण एसियाली प्रेस काउन्सिललगायत विश्वका अन्य देशका काउन्सिलहरूसँग सम्बन्ध स्थापना गर्नका लागि पनि यो कानूनले भूमिका खेल्ने जनाइएको छ ।

त्यस्तै, पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन र प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात् गर्नका लागिसमेत नयाँ संरचना आवश्यक रहेको सरकारको भनाइ छ । यो कानुन बनेपछि सबै मिडिया र पत्रकारलाई समेटी आचारसंहिता पालना गराउन वा अनुगमन गर्न मार्ग प्रशस्त हुने, प्रेस काउन्सिलको पुनःसंरचना हुनुका साथै भूमिका अझ प्रभावकारी हुनेलगायत काममा सहजीकरण हुने अपेक्षा गरिएको छ ।

विधेयकले काउन्सिलको स्थापना तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थालाई संशोधन गरेको छ । त्यस्तै, पत्रकार आचारसंहिता जारी गर्नेसम्बन्धी व्यवस्था, आचारसंहिताको पालना, अनुगमन तथा कारबाहीसम्बन्धी व्यवस्था, प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था,काउन्सिलको कोष तथा लेखा परीक्षणसम्बन्धी व्यवस्था, कर्मचारीसम्बन्धी व्यवस्थालगायत विषयहरू विधेयकमार्फत परिमार्जित ढङ्गले ल्याउन खोजिएको छ ।

'स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना गरिने' विधेयकमा उल्लेख छ । काठमाडौँमा उपत्यकामा कार्यालय रहने यो संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवम् सङ्गठित संस्था हुने र यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने जनाइएको छ ।

मंगलबारको बैठकमा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले 'मोन्ट्रियल प्रोटोकल किगाली संशोधनमाथि सदनमा छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए । उक्त प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै वनमन्त्री शाहीले संसद्बाट आएका सुझाव ग्रहण गर्दै यसलाई प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । मोन्ट्रियल प्राटोकलको किगाली संशोधनलाई कार्यान्वयन गर्दा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै वातावरणसम्बन्धी मुद्दाहरू व्यवस्थापनमा नेपाललाई सहज हुने उनको भनाइ छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकले 'मोन्ट्रियल प्रोटोकल किगाली संशोधनलाई अनुमोदन गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको छ । प्रतिनिधिसभाको अर्को बैठक फागुन २८ गते बुधबार बिहान ११ बजे बस्नेछ । रासस

# 'संघीय लोकतान्त्रिक गणतन्त्र जोगाउन सहकार्य आवश्यक'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई बलियो बनाउन दलबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

मंगलबारको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले नेपाली कांग्रेस संविधानप्रति पूर्ण प्रतिवद्ध रहेको र कुनै पनि प्रतिगमन वा षड्यन्त्रका विरुद्ध सबै दलसँग सहकार्य गर्न तयार रहेको स्पष्ट पारे ।

थापाले अहिले नागरिक तहमा देखिएको असन्तुष्टिको कारणलाई गम्भीरतासाथ लिनुपर्नेमा जोड दिए । उनले ठूलो सङ्ख्यामा युवा सडकमा उत्रिनु व्यवस्था विरोधी चेतावनी भएकाले यसलाई नजरअन्दाज गर्न नहुने बताए । 'नागरिक तहमा असन्तुष्टि छ, आक्रोश छ । त्यसलाई हामीले सम्बोधन गर्नुपर्छ, बेवास्ता गर्नु हुँदैन,' उनले भने ।

लोकतान्त्रिक व्यवस्थामा आलोचना स्वीकार्य भएपनि दलप्रति घृणा फैलाउने काम गर्न नहुने उनको भनाइ छ । 'हामीले आलोचना गर्नुपर्छ, प्रश्न उठाउनुपर्छ,तर लोकतन्त्रलाई कमजोर पार्ने गरी द्वेष फैलाउनु हुँदैन,' उनको भनाइ थियो ।

महामन्त्री थापाले सङ्घीयता बलियो बनाउन प्रदेशलाई अधिकार सम्पन्न बनाउनेतर्फ केन्द्र सरकार उदासीन रहेको आरोप लगाए । 'हामी आफैँले प्रदेशलाई अधिकार नदिएर कमजोर बनाएका हौँ । कानुन निर्माण नहुँदा प्रदेश सरकार असक्षमजस्तै बनेका छन्,' उनले भने ।

भ्रष्टाचार नियन्त्रणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउनुपर्नेमा थापाले जोड दिए । 'सांसदको सम्पत्तिको छानबिन गर्न हामी सबैले माग गरिरहेका छौँ । त्यसका लागि उपयुक्त आयोग वा उच्चस्तरीय समिति के गठन गर्नुपर्छ ? त्यसका लागि हामी तयार छौँ,' उनले भने ।

महामन्त्री थापाले लोकतन्त्रमा नागरिक सर्वोपरि हुने भएकाले सबै दललाई संविधान र लोकतान्त्रिक मूल्यको रक्षाका लागि साझा पहल गर्न आह्वान गरे । रासस

# सरकारका काम प्रभावकारी बनाउन आग्रह

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठक मंगलबार विशेष समयमा बोल्दै सांसदहरूले काम प्रभावकारी तथा नतिजामुखी बनाउनुपर्नेमा जोड दिएका छन् ।

सांसद प्रेम सुवालले युवालाई सम्बोधन गर्न विद्यालय शिक्षा तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्न जरूरी रहेको बताए । सांसद चित्रबहादुर केसीले २०४६ सालपछि राजनीति गर्ने र सत्तामा बस्नेको सम्पत्ति छानबिन हुनुपर्ने र उनीहरूले गरेको लुटलाई उचित कारबाही गर्नुपर्ने बताए ।

सांसद प्रभु साहले विदेशी एप्सले नेपालबाट खर्बौं रूपैयाँ लगिरहेको भन्दै नेपली एप्स विकास गर्नलाई सरकारलाई ध्यानाकर्षण गराए । उनले सामाजिक सञ्जालको नियन्त्रणभन्दा नियमनमा बढी जोड दिनुपर्ने बताए ।

सांसद डा.अमरेशकुमार सिंहले देशमा हाल लोकतन्त्रभन्दा पनि नेतातन्त्र हावी रहेको बताए । उनले नेतातन्त्रको संरक्षणमा भ्रष्टाचारी र विचौलिया रहेको भन्दै जनताको पक्षमा काम गरिनुपर्ने बताए ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले अहिलेको अवस्था आउनुमा अघिल्ला सरकार पनि उत्तिकै जिम्मेवार रहेको बताउँदै पूर्वराजाको पक्षमा भइरहेको प्रदर्शन संविधान विरोधी रहेको र राजतन्त्र असन्तुष्ट पक्षले हुइँया मच्चाउँदैमा नफर्किने धारणा राखे ।

सांसद छिरिङ ल्हामु लामा (तामाङ) ले पूर्वराजा ज्ञानेन्द्र शाहलाई जनताले निर्माण गरेको संविधानअनुसार नयाँ पार्टी खोलेर निर्वाचन प्रणालीमा आउन चुनौती दिइन् । उनले राजतन्त्र फर्कन अब असम्भव रहेको स्पष्ट पार्दै निर्वाचन प्रणालीमा आउन चुनौती दिएकी हुन् ।

सांसद सुमना श्रेष्ठले अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिएकी छिन् । 'विद्यालय शिक्षामा मुनाफा कमाउ भन्न सरकारलाई सुहाउँछ ? विद्यार्थीलाई सुरक्षित वातावरणमा पढ्ने वातावरण बनाउनुपर्छ ।'उनले भनिन्, 'सरकारी शिक्षालय तोडफोड गर्ने विद्यार्थीलाई किन कारबाही हुँदैन ?'

सांसद भगवती चौधरीले महिलामाथि हुने हिंसा अन्त्य हुनुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'जनताले के पाएका र जनताले के पाउन बाँकी छ ? छलफल गरौ न', उनले भनिन्, 'सरकारलाई मात्रै गाली गरेर हुँदैन । मिलेर अगाडि बढ्नुपर्छ ।' रासस

# 'विपद् जोखिम न्यूनिकरणका लागि मिलेर काम गर्नुपर्ने'

**धनगढी ।**
गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि सरोकारवाला सबै मिलेर काम गर्नुपर्ने बताएका छन् ।

कैलालीको धनगढी उपमहानगरपालिका–१३ स्थित प्रादेशिक आपतकालीन गोदामघर हस्तान्तरण कार्यक्रममा गृहमन्त्री लेखकले काठमाडौंमा रहेको आपतकालीन गोदामघरलाई केन्द्रीय आपतकालीन गोदामघरको रुपमा विकास गर्ने योजना रहेको बताए । उनले वैदेशिक सहयोगबाट प्राप्त सामग्री तथा सरकारले खरिद गरेरै भएपनि प्रदेशमा रहेका आपतकालीन गोदामघरलाई आवश्यक सामग्री उपलबध गराइने बताए ।

सरकारले प्रदेशलाई हस्तान्तरण गरेको आपतकालीन गोदामघरको रेखदेख गर्ने जिम्मेवारी अब प्रदेश सरकार भएको गृहमन्त्री लेखकले उल्लेख गरे । विपद्मा प्रदेश सरकारसँग समन्वय गरेर काम गर्न उनले मातहतका निकायलाई निर्देशन दिए ।

गृहमन्त्री लेखकले प्रादेशिक आपतकालीन गोदामघर सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई हस्तान्तरण गरे । कार्यक्रममा विपद् न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा.भीष्मकुमार भुषाललगायतको उपस्थिति रहेको थियो । रासस

# जुम्लामा आलु प्रदर्शनी मेला



**जुम्ला ।**
जुम्ला सदरमुकाम खलङ्गा बजारमा एकदिने आलु प्रदर्शनी मेला आयोजना गरिएको छ । जिल्लास्थित कृषि विकास कार्यालय, भूमि समस्या समाधान आयोग र नेपाल पत्रकार महासङ्घको संयोजकत्वमा मंगलबार स्थानीय चन्दननाथ नगरपालिका–५ स्थित कृष्णमन्दिर प्राङ्गणमा मेला आयोजना गरिएको हो ।

मेलामा जिल्लाका आठवटै स्थानीय तहका उच्च भूभागमा फल्ने आलु सङ्कलन गरी प्रदर्शन गरिएको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए ।

भूमि समस्या समाधान आयोगका विज्ञ–सदस्य सुमन आचार्यले जिल्लाका आलु कृषकलाई प्रोत्साहित गरी आलुको बजारीकरण गर्न सहयोग पुर्‍याउने उद्देश्यले आयोजना गरिएको प्रदर्शनीमा आलु किसानहरूको उल्लेख्य सहभागिता रहेको बताए । तिलाको ढिपु, हिमाको पाथरखोला, सिञ्जाको जुड्ड भाडगाउँ, कनकासुन्दरीको बोता,पातारासीको तीर्ख, तातोपानीको टोप्लालगायत उच्च भूभागमा उत्पादन हुने आलु सङ्कलन गरी प्रदर्शनीमा राखिएको थियो ।

कृषि विकास कार्यालय प्रमुख अधिकारीका अनुसार गत वर्षको तुलनामा यस वर्ष जिल्लामा आलुखेती बढी भएको र उत्पादकत्व पनि वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा दुई हजार दुई ४५ हेक्टर क्षेत्रफलमा आलुखेती गरिएकामा ३४ हजार ४५० मेट्रिक टन उत्पादन भएको थियो ।

यसैगरी चालु आवमा दुई हजार २९० हेक्टर क्षेत्रफलमा खेती भई ३५ हजार ९३० मेट्रिक टन आलु उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।रासस

# आगामी बजेटबारे कृषि मन्त्रालयसँग छलफल



**काठमाडौँ ।**
आगामी आर्थिक वर्ष २०८२÷८३ को बजेटबारे कृषि तथा पशुपक्षी विकास मन्त्रालयसँग छलफल भएको छ । अर्थ मन्त्रालयमा भएको छलफलमा कृषि क्षेत्रमा उपलब्ध गराइने अनुदान र सहुलियतलाई कसरी व्यवस्थित एवं प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे छलफल भएको हो । बैठकमा हाल कार्यान्वयनमा रहेका अनुदान कार्यक्रमबारे गम्भीर समीक्षा गरी नयाँ ढङ्गले अघि बढ्ने र नतिजामुखी बनाउने विषयले प्राथमिकता पाएको थियो ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले किसानलाई प्रोत्साहन गर्न र उत्पादन बढाउन अनुदानका कार्यक्रम ल्याइए पनि तिनको समीक्षा गरी समय सान्दर्भिक र प्रतिफलमुखी बनाउन जरूरी रहेको बताए । कृषिमन्त्री रामनाथ अधिकारीले अनुदानलाई परिणाममुखी बनाउँदै उत्पादन वृद्धि र कृषिवस्तुमा आत्मनिर्भर हुनुपर्नेमा जोड दिए ।

कृषि मन्त्रालयले रासायनिक मल, बाली तथा पशुपक्षी बिमाको प्रिमियम अनुदान, उखुखेती प्रवद्र्धनका लागि किसानलाई प्रोत्साहनलगायत अनुदान सहयोग दिँदै आएको छ । अर्थ मन्त्रालयका अनुसार यस्तो अनुदान तथा सहुलियतका लागि चालु आवमा करिब ३६ अर्ब रुपैयाँ विनियोजन गरिएको छ ।

छलफलमा सहभागीले अनुदानलाई उत्पादन प्रोत्साहनसँग जोड्नुपर्ने धारणा व्यक्त गरेका थिए । संवैधानिक जिम्मेवारीअनुसार प्रदेश र स्थानीय तहको क्षेत्राधिकारसँग मिल्ने तर सङ्घीय तहबाट हाल कार्यान्वयनमा रहेका निश्चित कार्यक्रमलाई तल्लो तहका सरकारमा पठाउनुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए ।छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, अर्थ सचिव, कृषि सचिव, विभागीय प्रमुखलगायतको उपस्थिति थियो । यसअघि अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ,स्वास्थ्य तथा जनसङ्ख्या, उद्योग, वाणिन्य तथा आपूर्ति, खानेपानीलगायत मन्त्रालयसँग छलफल गरिसकेको छ ।रासस

# प्रधानमन्त्री कप क्रिकेटः गण्डकीद्वारा कर्णाली पराजित

**दाङ ।**
दाङमा जारी प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको मंगलबारको खेलमा गण्डकी प्रदेशले कर्णाली प्रदेशलाई चार विकेटले पराजित गरेको छ ।

लमहीस्थित क्रिकेट रङ्गशालामा टस हारेपछि पहिला ब्याटिङ गरेको कर्णालीले २७ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ९१ रन मात्र बनायो । बयानब्बे रनको विजयी लक्ष्य गण्डकीले २९ दशमलव एक ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो । गण्डकीका लागि दिपक डुम्रेले अर्धशतकीय पारी खेले । उनले ७८ बल खेल्दै सात चौकाको मद्दतमा अविजित ५० रन बनाए । यस्तै सुजन गौतमले अविजित २२ रन बनाए ।

बलिङतर्फ कर्णालीका दिवान पुनले तीन विकेट लिए । उनले १० ओभर बलिङ गर्ने क्रममा पाँच ओभर मेडन राख्दै मात्र १३ रन खर्चिए । यस्तै दीपेन्द्र रावतले दुई तथा युनिस ठकुरीले एक विकेट लिए ।

यसअघि ९१ रन बनाउने क्रममा कर्णालीका लागि विपिन शाहीले २०, अर्जुन घर्तीले १७, विपिन रावलले १५ र हिमांशु शाहीले १२ रन बनाए । बलिङतर्फ गण्डकीका चन्द्र पौडेल, सुवाश भण्डारी र विपिन खत्रीले दुई दुई तथा सन्दीप पराजुली र अमृत गुरुङले एक एक विकेट लिए । रासस

# ऊनबाट आम्दानी खोजिरहेका आमा



**बागलुङ ।**
बागलङ् जिल्लाको निसी, भूजी र तमान क्षेत्रका अधिकांश स्थानीय पुस्तौँदेखि भेडापालनमा सक्रिय छन् । पहाडी भेग भएकाले पशुपालनमा रमाइरहेका यहाँका स्थानीय किसान पछिल्लो समय भेडाको मासुसँगै ऊनकोसमेत उपयोगमा लाग्न थालेका हुन् ।

निसीखोला गाउँपालिका ५ पुतलीबजारकी ५७ वर्षीया पुनीकला घर्तीमगरको दैनिकी आजभोली फेरिएको छ । पुतली बजारमा चलिरहेको ऊनको धागो बनाउने र कपडा तयार गर्ने तालिममा उनको दिन बित्छ । बिहान–बेलुका घरको काम सकेर दश नबज्दै उनी पुतली बजार पुग्छिन् । गाउँबाट संकलन गरेको भेडाको ऊनलाई सफा गर्ने, कोर्ने, बाँट्नेदेखि तानमा कपडा बनाउनेसम्मका काम उनले सिकिरहेकी छन् ।

पुन सानो छँदा गाउँमा बुढापाकाले ऊनका कपडा बनाउँथे । उनको बाल्यकला गाउँमै बनेका उनका कपडा लगाएर बिते । विस्तारै विश्व बजारका कपडा गाउँ पुगे । उनका कपडा बनाउनेहरु काम छोड्दै गए । ‘हिजोआज उनको कपडा खस्रो हुन्छ भनेर लाउनै छोडे, बनाउनेले पनि छोडे,’ पुनिकला भन्छिन्, ‘बजारतिर ऊनका कपडा खोजी हुन्छ भन्ने सुनेको छु, पहिला सिकिएन्, बुढेसकालमा भएपनि दिन कटाउने बाटो होला भनेर ऊनका कपडा बनाउन सिकिरहेको छु ।’ परम्परागत रुपमा भेडाको ऊनबाट बनेका कपडाको बिक्री वितरण बिस्तारै सेलाउन थालेपछि यहाँका महिला समुहमा आबद्ध भएर भेडाको ऊनबाट तयारी सामग्री बनाउन सिक्दैछन् ।

बिवाईसी बागलुङले जिल्लाको निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा सञ्चालन गरिरहेको दिगो पर्यटन परियोजनाले उनीहरुलाई तालिमको व्यवस्था गरेको छ । रुकुमको टकसेराबाट आएका महिला प्रशिक्षकहरुले निसीखोलाको पुतली बजारमा १३ जना र ढोरपाटन नगरपालिकाको सुपुर्दुङमा १३ जना महिलालाई ऊन निकाल्नेदेखि कपडा तयार गर्नेसम्मको काम सिकाईरहेका छन् ।

‘खेर गैरहेको ऊनलाई प्रयोगमा ल्याउन सके आम्दानी गरौंला, नभए घरको काम त चल्छ,’ ढोरपाटन नगरपालिका–९ सुपुर्दुङकी २१ वर्षिया आशा घर्तीमगरले भनिन्, ‘पहिलाभन्दा अहिले प्रबिधिले सजिलो बनाएको छ, बजार पनि ऊनका कपडाको राम्रो छ भनेका छन् ।’ गाउँमा खस्रो कपडा भनेर प्रयोगमा आउन छोडेको ऊनका कपडा दशक अगाडिसम्म गोठालाले बढी प्रयोग गर्ने गरेकामा अहिले विदेशमा पुग्ने गरेको छ । भेडाको ऊनबाट बन्ने काम्लो, बख्खु, घुमलगायत कपडाले घामपानी छेक्ने, वर्षौं टिक्ने र न्यानो हुने उनीहरु बताउँछन् । कम्बल, बख्खु, घुमलाई गोठालाको कपडा भन्ने गरिन्छ । ढोरपाटन र निसीखोलामा एउटै परिवारले ५ सयदेखि एक हजार पाँच सयसम्म भेडाबाख्रा पाल्ने गरेका छन् । ती भेडाबाट प्रत्येक वर्ष निकाल्न सकिने ऊनको प्रयोगमार्फत महिलालाई आयआर्जनसँग जोड्नेगरी सिपमुलक तालिम सञ्चालन गरिएको दिगो पर्यटन परियोजनाका समुह संयोजक अमर थापाले बताए । मासु स्थानीयस्तरमा बिक्री हुने र ऊनको पनि स्थानीय र विदेशी बजारमा समेत निर्यात गर्नेगरी उत्पादनमा प्रेरित गरिने उनले बताए । एउटा काम्लो, हापदुला बुन्न समय बढी लाग्छ । एउटा ऊनको कपडाको मूल्य न्यूनतम १५ हजारदेखि ६० हजार रुपैयाँसम्म पर्छ ।

महिलाहरुलाई तालिमका लागि प्रशिक्षक, आवश्यक उपकरण, ऊन र खाजा खानाको व्यवस्था परियोजनाले मिलाएको छ । तालिमपछि तयार हुने सामग्रीको बजारीकरणमा महिलाहरुले समुह बनाउने बताउँछन् । ऊनको प्रयोग नभएकाले चरीचरण क्षेत्रमा नै किसानले ऊन निकालेर फाल्ने गरेकोमा स्थानीय महिलाहरुको सक्रियताले ऊनको प्रयोग बढ्ने प्रशिक्षक रमी बुढा मगरले बताईन् । उनीहरुले किसानबाट सेतो ऊन प्रतिकिलो ५० रुपैयाँ र कालो ऊन प्रतिकिलो एक सय रुपैयाँमा खरिद गर्ने गरेका छन् । बजारमा कालो ऊनको तयारी कपडा सेतो र खैरो ऊनको भन्दा दोब्बर पर्छ । रासस

# ट्रम्पद्वारा क्यानाडालाई ‘भन्सार शुल्क दुरुपयोगकर्ता’ को आरोप



**वासिङ्टन ।**
ओन्टारियो प्रान्तले तीन अमेरिकी राज्यमा विद्युत् अतिरिक्त भन्सार लगाएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानाडालाई ‘भन्सार शुल्क दुरुपयोगकर्ता’ भन्दै संयुक्त राज्य अमेरिकालाई क्यानाडाको ऊर्जाको आवश्यकता नभएको दाबी गरेका छन् ।

क्यानाडाको सबैभन्दा धेरै जनसङ्ख्या भएको प्रान्त ओन्टारियोका नेताले सोमबार मिशिगन, मिनेसोटा र न्युयोर्कमा विद्युत् निर्यातमा २५ प्रतिशत अतिरिक्त भन्सार शुल्क थप्न लागेको बताए । ओन्टारियोले यी तीन राज्यमा १५ लाख घर र व्यवसायहरूलाई विद्युत आपूर्ति गर्छ ।

‘ओन्टारियोले अहिले ‘विद्युत्’ मा, सबै कुरामा २५ प्रतिशत अतिरिक्त भन्सार शुल्क घोषणा गर्‍यो’, प्रान्तलाई ‘त्यसो गर्न अनुमति नै थिएन’ भन्ने दाबी गर्दै ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा भने,‘क्यानाडा भन्सार दुरुपयोगकर्ता हो र सधैँ रहिआएको छ, तर संयुक्त राज्य अमेरिकाले अब क्यानाडालाई अनुदान दिने छैन, हामीलाई तिमीहरूको कारहरू चाहिँदैन, हामीलाई तिमीहरूको काठ चाहिँदैन, हामीलाई तिमीहरूको ऊर्जा चाहिँदैन, र चाँडै नै, तिमीहरूले त्यो थाहा पाउनेछौ ।’

कथित व्यापार असन्तुलनलाई सुधार्न खोज्दै ट्रम्पले अप्रिल २ देखि सबै देशमा ‘पारस्परिक’ भन्सार शुल्क लगाउने वाचा गरेका छन् ।

उनले ट्रुथ सोशल पोस्टमा लेखेर त्यसो गर्ने पुष्टि गरेजस्तो देखिन्छ, ‘किनभने हाम्रो भन्सार शुल्कहरू पारस्परिक छन्, हामी अप्रिल २ मा सबै फिर्ता पाउनेछौँ ।’

ट्रम्पले बारम्बार क्यानाडाको विलयको बारेमा बोलेका छन् द्विपक्षीय व्यापार, क्यानाडाको अर्थतन्त्रको जीवनरक्त, भन्सार शुल्क कार्यहरूद्वारा अराजकतामा फ्याँकिएको छ जुन उनले पदभार सम्हालेदेखि विभिन्न दिशामा सरेका छन् ।

उनले बिहीबार केही छुटहरू घोषणा गर्नुअघि गत मङ्गलबार क्यानाडा र मेक्सिकोको आयातमा २५ प्रतिशत कर लगाउने अनुमति दिएका थिए ।

तर क्यानाडाको लगभग ६२ प्रतिशत आयात अझै पनि नयाँ करहरूद्वारा प्रभावित भयो । तिनीहरू मध्ये धेरै १० प्रतिशतको कम भन्सार शुल्क भएका ऊर्जा स्रोतहरूमा छन् । बुधबार स्टिल र एल्युमिनियम आयातमा ट्रम्पको २५ प्रतिशत भन्सार शुल्क लागू हुनेछ । यसले क्यानाडालाई पनि असर गर्नेछ ।

ओन्टारियोका प्रिमियर डग फोर्डले सोमबार भने,‘भन्सार शुल्कको खतरा सदाका लागि नहटेसम्म ओन्टारियो नरम हुनेछैन ।’

‘केही शुल्कहरू रोक्दै, अन्तिम क्षणको छुटहरू दिँदै – यसले काम गर्दैन । हामीले अराजकता सधैँका लागि अन्त्य गर्नुपर्छ ।

हामीले बस्नुपर्छ, सँगै काम गर्नुपर्छ र निष्पक्ष सम्झौता गर्नुपर्छ’, उनले एक पत्रकार सम्मेलनमा भने, ‘त्यस समयसम्म ओन्टारियोले लडाइँ जारी राख्नेछ, त्यसैले आज हामी मिनेसोटा, मिशिगन र न्युयोर्कमा विद्युत् निर्यातमा २५ प्रतिशत अतिरिक्त भन्सार शुल्क अगाडि बढाउँदैछौँ ।’

औसतमा अतिरिक्त भन्सार शुल्कले तीनवटा राज्यका बासिन्दाहरूको बिलमा प्रति महिना लगभग एक सय डलर थप्ने फोर्डले बताए ।

‘मलाई स्पष्ट पार्न दिनुहोस् म यो शुल्क बढाउन हिच्किचाउने छैन ।

यदि आवश्यक परेमा यदि संयुक्त राज्य अमेरिकाले तनाव बढाएमा, म विद्युत् पुरै बन्द गर्न हिच्किचाउने छैन’, उनले भने ।

‘आफ्नो आकाश छुने विद्युत् बिल तिर्न सङ्घर्ष गरिरहेका मिनेसोटावासीहरू ट्रम्पको व्यापार युद्धका पहिलो पीडितहरू थिए’,नोभेम्बरको निर्वाचनमा ट्रम्पसँग पराजित डेमोक्रेट कमला ह्यारिसका रनिङ मेट मिनेसोटाका गभर्नर टिम वाल्जले एक्समा भने, ‘मिनेसोटाले ट्रम्पको अर्बपतिहरूले चलाएको अर्थतन्त्र धान्न सक्दैन । हामीले यो पागलपनलाई रोक्नुपर्छ ।’ रासस

# ‘खेलकुद स्वस्थ्यका लागि मात्र नभइ आर्थिक उपार्जनको माध्यम बन्दैछ’

**तनहुँ ।**
युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुद शारीरिक स्वस्थ्यका लागि मात्र नभइ आर्थिक उपार्जनको माध्यम बन्दै गएको बताएका छन् ।

व्यास नगर ब्याडमिन्टन क्लबले व्यास नगरपालिका–३ बिपी वन वाटिकामा निर्माण गरेको कभर्डहलको मंगलबार उद्घाटन गर्दै उनले खेलकुदमा लागेर खेलाडी बाँच्न सक्ने अवस्थाको विकास हुँदै गएकामा खुसी व्यक्त गरे ।

‘खेलकुद शारीरिक, मानसिक विकासका लागि मात्र नभइ खेलाडीको जीवनयापन गर्ने बलियो माध्यमको रूपमा विकास हुँदै गएको छ’,मन्त्री चौधरीले भने,‘राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने नारा रहँदै आएको छ तर आज आर्थिक उपार्जनको आधार बन्दै गएको छ । यो खुसीको कुरा हो ।’ नेपालमा केही समय पहिला भएको




एनपिएल क्रिकेटले खेलाडीको आर्थिक जीवनस्तर सुधारका लागि महत्वपूर्ण काम गरेको र अब खेलाडी दिगो रूपमा यही खेलमा लागेर बाँच्न सक्ने अवस्था बनिरहेको उनको भनाइ थियो । मन्त्री चौधरीले कतिपय नेपाली खेलाडीले विदेशमा खेलेर देशको नाम उचो राख्न र आफ्नो आर्थिक अवस्था सुधारका लागि राम्रो आम्दानी गरिरहेका बताए ।

‘खेल क्षेत्रमा लागेकाहरूले अब निराश बन्नुपर्ने अवस्था छैन । सरकारले पनि सीमित आर्थिक स्रोतका कारण खेल क्षेत्रको विकासमा उल्लेख्य प्रगति गरिसकेको छैन । यसका बाबजुद सरकारले यस क्षेत्रमा उदाहरणीय काम गरिरहेको छ’, उनले भने ।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले जिल्लामा खेलकुदका पर्याप्त पूर्वाधार नभएकाले त्यसतर्फ ध्यान दिन मन्त्री चौधरीको ध्यानाकर्षण गराए । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले खेलकुद क्षेत्रको विकासका लागि स्थानीय सरकार लाग्नुपर्नेमा जोड दिए । व्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपानेले नगरपालिकाले खेल क्षेत्रका लागि पर्याप्त बजेट विनियोजन गरेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्वसभापति रघुनाथ पौडेल, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव प्रदीपराज अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति विश्व बाँस्तोला, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापालगायतले खेलकुद राष्ट्र चिनाउने महत्वपूर्ण माध्यम भएकाले यसमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिए ।

व्यास नगरपालिकाको आर्थिक सहयोगमा कभर्डहल निर्माण गरिएको व्याडमिन्टन क्लबका अध्यक्ष जीवन गुरुङले जानकारी दिए । उनले व्यास नगरपालिकाले ८७ लाख ८५ हजार दुई सय ३४ रुपैयाँ सहयोग अन्य नगद सहभागिता र श्रमदान गरी ९६ लाख ६३ हजार सात सय ४७ रुपैयाँ को लागतमा कभर्डहल निर्माण भएको हो । रासस

# जोगिराको संरक्षणमा तीन पुस्ता



**मधेशदृष्टि**
**जलेश्वर ।**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–८ बजराही गाउँका ७२ वर्षीय वृद्धबहादुर महरामा अहिले पनि जोगिरा गाउन उत्तिकै सक्रिय देखिन्छन् । जोगिरा (होली पर्वको बेला तराई मधेशको गाउँ÷टोलमा गाइने विशेष प्रकारका गीत, चुटकिला) गाउँदै गाउँमा डुल्न ठूलो सोख लाग्ने गर्दछ । होलीको पूर्वसन्ध्यामा डम्फु बजाउँदै गायनमा रमाउन पाएकामा खुसी हुँदा उनी भन्छन्, 'मलाई जोगिरा गाउँदा जीवनको सबैभन्दा खुसीको अनुभूति हुने गर्दछ । यसले मनोरञ्जनसँगै संस्कृतिको संरक्षण भएको छ ।'

बहादुर जस्तै सोही वडाको सोही गाउँका अर्का ६० वर्षीय रामबाबु चौधरी पनि अहिले जोगिरा गायनका लागि आफ्नो ढोलक लिएर गाउँको चोकमा पुगिसक्छन् । आफ्नो दलानमा टाँगिएको ढोलकलाई सफा गरेर नयाँ डोरी लगाउने (बुन्ने), रङ्गरोगन गर्ने र ताउ दिने काम गरिसकेका छन् । जोगिरा गायनका लागि परापूर्वकालदेखि नै विख्यात बजराही गाउँका ५५ वर्षीय अरुण पाण्डे पनि गाउँका बूढापाका, तन्नेरीहरुसँगै झ्याली पिट्दै जोगिरा गाउन निस्कने गर्छन् । उनकै छिमेकी ४५ वर्षीय रामदेव राम अहिले आफ्नो हार्मोनियम बोकेर जोगिरामा सङ्गीत भर्न तम्तयार देखिन्छन् । जोगिरा गायनका लागि विख्यात जलेश्वर नगरपालिका–८ बजराही गाउँमा अस्ति मङ्गलबारदेखि बहादुर महरा साँझ पर्नासाथ आफ्ना घरबाट हातमा डम्फु समातेर गाउँको चौबाटोमा आइपुग्छन् । महरा चौबाटोमा आउनेबित्तिकै रामबाबु चौधरी पनि आफ्नो घरबाट ढोलक बजाउँदै बहादुर भएको ठाउँमा पुग्छन् भने अरुण पाण्डेले झ्याली पिट्दै तथा रामदेव राम पनि हार्मोनियम लिएर सहभागी भइसकेको हुन्छन् । गाउँका बूढापाकाहरुले हौसिँदै विभिन्न वाद्यवादनमा चौबाटोमा आइपुगे लगत्तै गाउँका युवाहरु पनि जम्मा हुन थाल्छन् ।

बजराही गाउँको चौबाटो यी सबै व्यक्तिहरु कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन् । बरु आपसी भाइचारा, प्रेम सद्भाव, सुखदुःख साटासाट गर्न र पुस्तौँदेखि चल्दै आइरहेको जोगिराको संरक्षण र प्रवद्र्धनका लागि दैनिक रुपमा जम्मा हुन्छन् र अबेर रातिसम्म सँगै बसेर जोगिरा गायन गाउने प्रचलन छ । स्थानीय पवित्र साह, श्रवण यादव, सिकिन्द्र ठाकुर, विट्टु मिश्र, राहुल साहलगायतका युवाहरुले जोगिरा गायनका गीत, चुट्किला परम्परागत भनाइहरु कागजमा लिपिबद्ध गरेका छन् । गाउँका बूढापाकाहरुलाई भेटेर उनीहरुले भनेका ऐतिहासिक भनाइ, लोकभाका, गीत र चुट्किलाहरुलाई टिपोट गरेर गोगिरामा गाउने विषय बनाएका छन् ।

जलेश्वर नगरपालिका–८ का तीन पुस्ताहरु जोगिराको जगेर्नामा लागेकै बेला वडा नं ७ का वडाध्यक्ष रामछविला यादवसहित स्थानीय अनिल यादव, शङ्कर कापर, मनोहर झालगायतका व्यक्तिहरु पनि आफ्नो गाउँटोलमा जोगिरालाई संरक्षण, संवद्र्धन र प्रवद्र्धनमा लागिपरेका छन् । बूढापाकाहरुबाट नयाँ पिँढीमा जोगिरालाई हस्तान्तरण गराउन विभिन्न कार्यक्रमलाई अगाडि बढाइएको छ । युवाहरुलाई हार्मोनियम, ढोलक, झ्याली र डम्फु बजाउन सिकाउने र जोगिराका भाकाहरुमा पनि लय भर्ने कार्यमा सक्रिय गराइएको यादव बताउँछन् ।

यतिबेला जिल्लाको अन्य पालिकाहरु पनि जोगिरा संरक्षण र संवद्र्धनका विभिन्न कार्यक्रम भइरहेका छन् । तराई मधेशमा रङ र अबिरको पर्व होली पर्व आउन १० दिन बाँकी रहँदा मिथिलाञ्चको प्रत्येक गाउँ÷टोलमा होलीको गीत (जोगिरा)ले गुञ्जमान हुने गर्दछ ।

*'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर ।'*
*'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर ।'*
*'शिव मण्ठपर हो, शिव मण्ठपर हो, शिव मण्ठपर ।'*
*'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर ।'*

नेपालका तराई÷मधेश र भारतको बिहार राज्यको अधिकांश जिल्ला समेटिएर बनेको मिथिलाञ्चल क्षेत्रमा साँझ पर्ने बित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थाल्छन् भने चारैतिर जोगिराको धुनहरु सुनिन्छ ।

*'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,*
*'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,*
*हो, हो भूत परेतक टोली दिगम्बर खेले मसानेमे होली*
*'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,*
*'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,*

बजराहीमा मात्रै नभएर अस्तिदेखि मिथिलाञ्चलको प्रत्येक गाउँठाउँमा साँझको ७ बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा सुनिन थाल्छ । होलैयाहरु (जोगिरा गाउनेहरु) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा आ–आफ्ना घरआँगनमा बसिरहेका जो कोही पनि प्रसन्नताका साथ स्वरमा स्वर थप्ने गर्दछन् । होलैयाहरुले हात हातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका बाजाहरु लिएर विभिन्न धुन र सङ्गीतको सिर्जना गर्दै सुरु गरेका जोगिरा राति ११/१२ बजेसम्म निरन्तर रुपमा चलिरहन्छ ।

विभिन्न प्रकारका मैथिली लोकभाका, गीत, चुटकिला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दहरुलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न



गाउँलेहरुको भीड लाग्ने गर्दछ भने जोगिराका क्रममा हुने नाच र गानमा समेत ठूलो संख्यामा सहभागी हुने गरेको जलेश्वर–८ का होलैया धीरेन्द्र चौधरीले बताए । जलेश्वर नगरपालिका–८ बजराही गाउँका जोगिरा टोली जिल्लामै निकै चर्चित मानिन्छ । यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको सहभागिता रहेको स्थानीय युवा राजा राइन बताउँछन् । परापूर्वकालदेखि नै यहाँका मुस्लिमहरु हिन्दूको पर्वमा र हिन्दूहरु मुस्लिमको चाडपर्वमा एकसाथ उभिएर चाडपर्व मनाउँदै आएको स्थानीय नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अगुवा नेता मनोज साह बताउँछन् ।

बजराही गाउँमा जोगिराको थालनी भएलगत्तै वडा नं ७ अनकार गाउँमा पनि जोगिरा गायनको सुरुआत हुने भएको वडाध्यक्ष रामछविला यादवले बताए । वडाध्यक्ष रामछविला यादव स्वयं पनि होलैया भएको कारण त्यस वडामा पनि होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरु देश परदेशबाट गाउँ फर्किएका छन् । यहाँका युवा, वयस्क तथा वृद्धहरु समेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएका छन् ।

स्थानीय शङ्कर कापरका अनुसार यस वडामा कतिबेला साँझ पर्ने र कतिबेला होलैयाहरु आएर जोगिरा शुरु गर्ने प्रतीक्षामा घर घरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धा समेत बसिरहेका हुन्छन् भने जोगिरा शुरु हुने बित्तिकै प्रत्येक घर–घरबाट



निस्केर सबैजना होलीगीत सुन्नका लागि चोकसम्म पुग्ने गर्दछन् । विभिन्न उमेर समूहका व्यक्तिहरु बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभवहरु साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको वडाध्यक्ष मधुवेन्द्र झाले बताए ।

*'जोगिरा सररर, जोगिरा सररर ।'*

*'जोगिरा सररर, जोगिरा सररर ।'*

*'जोगिरा सररर, जोगिरा सररर ।'*

*'रङ्ग बरसे भिगे चुनरबाली रंग बरसे,*

*हो रंगबरसे भिगे चुनरवाली रंगबरसे'*

*'जोगिरा सररर, जोगिरा सररर ।'*

*'मिथिलामे राम खेलैया होली, मिथिलामे ।'*

*मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।'*

*'किनका के सोभे पियरी पितम्बर,*

*'किनका के सोभे पियरी पितम्बर,*

*किनकाके हाथ अबिर झोली ?*

*हो, हो, किनकाके हाथ अबिर झोली ? मिथिलामे'*

*'मिथिलामे राम खेलैया होली, मिथिलामे ।'*

*हो हो 'सीताजीके सोभे पियरी पितम्बर,*

*'सीताजीके सोभे पियरी पितम्बर,*

*हो, हो, रामजीके हाथ अबिर झोली । हो मिथिलामे,*

*मिथिलामे राम खेलैय होली, मिथिलामे ।'*

*'सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया ।'*

*सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया ।'*

*सीया झारु नम्बी केश, सीया*

*हो, हो, हो ।*

*सीया झारु नम्बी केश, सीया हो, हो, हो सीया झारु नम्बी केश ।*

*राम लैहे सोनेके ककहिया ।'सीया झारु नम्बी केश ।*

सदरमुकाम जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँ जस्तै जोगिराको धुनमा बर्सेनी मनरासिस्वा नगरपालिका–९ बथनाहा गाउँ पनि रंगिने गरेको स्थानीय नेपाली काँग्रेसका नेता एवम् सामाजिक अगुवा चन्दन दुबेले बताए । बथनाहा गाउँमा पनि आजदेखि कत्ति बेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दाहरु प्रतीक्षामा रहने र जोगिरा गायन शुरु भएपछि पूरे गाउँ झुम्मिने उनले बताए ।

होली पर्वलाई लक्षित गर्दै मिथिलाञ्चल क्षेत्रमा गाइने जोगिरा गायनले मिथिलाञ्चलको सम्पूर्ण गाउँ ठाउँका वृद्ध, वयस्क तथा युवामा नयाँ उत्साह र उमङ्ग भरेको छ । दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको होलीलाई आगमनको प्रतीक्षामा महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा अस्तिदेखि जोगिरा शुरु भएको छभने यी होलीगीत (जोगिरा) होली पर्वको एकराति पूर्वसम्म टोलटोल र चौकचौकमा चलिरहनेछ ।

प्रायः होलि पर्वभन्दा १०÷११ दिन पहिले शुरु हुने जोगिरा गाउन शुरु गरिन्छ भने होली पर्वको अघिल्लो रातिसम्म गाइने चलन रहेको जलेश्वर–८ पण्डित बद्रीनारायण झाले बताए । होलीगीत केवल मनोरञ्जनको साधन वा गीत नभएर हाम्रो परम्परा एवम् हाम्रा पुर्खाको धरोहर रहेको र यस परम्परा तथा धरोहरलाई संरक्षण, संवद्र्धनका साथै यसको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व रहेको बताउँछन् संस्कृतिविद् धुरव राय ।

जोगिरा मिथिलाञ्चलको मात्रै नभएर नेपाल र भारत देशकै धरोहर एवम् सम्पत्ति रहेको बताउँदै जलेश्वर नगरपालिका–५ का संस्कृतिविद् धुरव राय इतिहास एवम् हाम्रा पूर्वजको सम्मान र भविष्य एवम् सन्ततिका लागि जोगिराको जगेर्ना गर्नुपर्ने धारणा राख्छन् । उनले यसका लागि हामी प्रत्येक मिथिलाञ्चलवासी, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार, जनप्रतिनिधि, सुरक्षा निकाय र धार्मिक, सांस्कृतिक एवम् पुरातत्व विभाग पनि उत्तिकै उत्तरदायी तथा जवाफदेही बन्नुपर्नेमा जोड दिए । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै पालिकाका विभिन्न वडा र गाउँटोलमा युवा तथा वयस्कका टोलीहरु जोगिराको जगेर्ना गर्न सक्रिय देखिन्छन् ।रासस

# १६ वर्षपछि ठाकुराममा स्ववियु निर्वाचनको रौनक, १४ उम्मेदवार



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि वीरगंजका दुई कलेजमा विद्यार्थी संगठनहरुको रोचक प्रतिस्पर्धा हुने भएको छ । १६ वर्षपछि ठाकुराम बहुमुखी क्याम्पसमा हुन लागेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा प्यानलगतरुपमा १४ जना सभापतिको उम्मेदवारी दर्ता भएपछि प्रतिस्पर्धा अरु रोचक देखिने भएको छ ।

देशकै पुरानो क्याम्पस ठाकुरराम बहुमुखी क्याम्पसमा विभिन्न विद्यार्थी संगठनले उम्मेदवारी दर्ता गराएका छन् । क्याम्पसमा विभिन्न १४ संगठनले प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदवारी दर्ता गराएपछि स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन प्रतिस्पर्धात्मक हुने देखिएको हो ।

निर्वाचनका लागि समाजवादी विद्यार्थी युनियनले हरि किशोर यादव, दिपक कुमार पटेल र दुर्गा कुमारीको उम्मेदवारी दर्ता गराएको छ । सचिवमा साहबाज हुसैन र प्रमानन्द दहितले उम्मेदवारी दिएका छन् । कोषाध्यक्षमा राकेश कुमार कुशवाहाले उम्मेदवारी दिएका छन् । सदस्यमा अर्जुन सहनी मलाह, रवि प्रसाद कुशवाहा, पवन महतो कोइरी, मनिष कुशवाहा र राजेश कुमार यादवलाई उम्मेदवार बनाएको छ ।

यस्तै, समाजवादी विद्यार्थी युनियन, नेपालले सभापतिमा मोहम्मद सगीर अलि, सचिवमा रामबाबु प्रसाद यादव र कोषाध्यक्षमा चाँदनी कुमारी ठाकुरलाई उम्मेदवार बनाएको छ । सदस्यमा शिवलाल महतो नुनिया, ज्योति पटेल, वृजेश प्रसाद यादव, तैयव देवान, साहिल अंसारी, सतरोहन कुमार पटेल, आलोक चौरसिया र शिव पासवान उम्मेदवार भएका छन् ।




जय नेपाल विद्यार्थी संघबाट सभापतिमा राजु गुप्ता, सचिवमा रन्जन यो, कोषाध्यक्षमा रिकुं कुमारीको उम्मेदवारी परेको छ । सदस्यमा जय नेपाल चौरसिया, अहमद अंसारी, सालोनी कुमारी यादव, शनी कुमार पटेल, मेगराज न्यौपाने, दिपक कुमार साह, महेश प्रसाद चौहना र सरोज कुमार यादवको उम्मेदवारी दर्ता भएको छ ।

यस्तै, स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा दिलीप राज महतो, सचिवमा गुनाई कुमार सिंह र कोषाध्यक्षमा कृष्णा दास तत्माले उम्मेदवारी दिएका छन् । सदस्यमा राजन यादव र मोतिलाल प्रसाद यादवको उम्मेदवारी परेको छ ।

नेपाल विद्यार्थी समूहले सभापतिमा राजकुमार यादव, सचिवमा मंदिरा कुमारी चौधरी र कोषाध्यक्षमा अंकित पटेललाई उम्मेदवार बनाएको छ । सदस्यहरूमा अपू कुमार, दीपीका भण्डारी, अमित पटेल, आयुष कुमार गुप्ता, श्याम कुमार महतो, आयूष श्रीवास्तव, अशोक कुमार महतो र नेहा पासवानलाई उम्मेदवार बनाएको छ ।

यस्तै, अनेरास्वविियुले सभापतिमा पवन यादव, सचिवमा अरमान आलम र कोषाध्यक्षमा अच्छेलाल प्रसाद कुशवाहालाई उम्मेदवार बनाएको छ । सदस्यमा संजय प्रसाद यादव, विवेक कुमार पटेल, लालबाबु कुमार यादव, राघव पटेल, सुशिल कुमार सहनी, विवेक कुमार पटेल, सुशान्त कुमार पटेल र ओम प्रकाश चौरसिया उम्मेदवार भएका छन् ।

स्वतन्त्र युवा समूहले सभापतिमा श्याम प्रसाद गुप्ता, सचिवमा राज साहे र कोषाध्यक्षमा सलमान देवानलाई उम्मेदवार बनाएको छ । सदस्यमा रामकृष्ण यादव, मयंक कुमार श्रीवास्तव, रामाशंकर पंडित, पृथ्वी नारायण सिंह, अनजय कुमार पटेल, सुभासनी कुमारी, मुस्कान समानी र संदिप प्रसाद चौहान उम्मेदवार छन् ।

यसैगरी, नेपाल विद्यार्थी कल्याण समूहबाट सभापतिमा धर्मेन्द्र साह कानु, सचिवमा प्रतिमन यादव र कोषाध्यक्षमा सिमा कुमारी रौनियार उम्मेदवार भएका छन् । मानुर आलम देवान र अभि यादव सदस्यमा उम्मेदवार छन् ।

नेपाल विद्यार्थी संघले सभापतिमा विकाश मंडल धानुक, सचिवमा रोहित सिंह र कोषाध्यक्षमा दिपक कुमार पटेलको उम्मेदवारी दर्ता गराएको छ । सदस्यमा चन्दन कुमार पटेल, नितेश कुमार यादव, माला कुमारी साह, धिरेन्द्र साह तेली, एम ।डि। चमन दुरदर्शी, आदित्य कुमार साह, अविजित यादव र चन्दन कुमार साहलाई उम्मेदवार बनाएको छ ।



यस्तै, राष्ट्रिय विद्यार्थी संघले सभापतिमा सुधान्सु प्रसाद चौरसिया, सचिवमा मेघराज प्रसाद यादव र कोषाध्यक्षमा ओमपुकार दासलाई उम्मेदवार बनाएको छ । सदस्यमा अनिल प्रसाद यादव, धिरज पटेल, सुजित महतो केवट, नरेन्द्र प्रसाद साह तेली, अनुमाया कमारी, मिथलेश कुमार साह, राकेश साह कानु र मनि कुमारी गुप्ताको उम्मेदवारी दर्ता गराएको छ ।

अखिल (क्रान्तिकारी)बाट सभापतिमा अनिस कुमार पटेस, सचिवमा समसेदे अंखाख र कोषाध्यक्षमा भारती कुमारीको उम्मेदवारी परेको छ । सदस्यमा श्रवण पंडित कोहार, निरमल यादव, धर्मराज दहैत थारु, अजय राज चौहान, भागरति कुमारी, राकेश कुमार, सुलभ सहनी र रबि कुमार गुप्ताको उम्मेदवारी परेको छ ।

यस्तै, भोट फोर चेन्ज स्वतन्त्र विद्यार्थी यूनियनबाट सभापतिमा सिकेन्द्र कुमार यादव, सचिवमा संतोष कुमार साह र कोषाध्यक्षमा मुन्ना कुमार साह उम्मेदवार भएका छन् । सदस्यमा प्रदिप प्रसाद यादव, पुष्पा कुमारी कुशवाहा, पुष्पा कुमारी तेली, रोहित साह कानु र कृष्णा कुमार साह उम्मेदवार छन् ।

यस्तै, विद्यार्थी नेता सुधिर पटेल समूहबाट सभापतिमा कमलेश कुमार यादव, सचिवमा राजकपुर चौरसिया र कोषाध्यक्षमा माया शंकर कुमार कमकरले उम्मेदवारी दिएका छन् । सदस्यमा रोशन सिंह, चन्दन महतो कहार, कुमार पटेल, सागर कुमार श्रीवास्तव, आशुतोष पटेल, अजय प्रसाद यादव, एमडी रखिबुल हसन अली र विकाश कुमार पासवान उम्मेदवार छन् ।

राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनबाट सभापतिमा दिपेश कुमार साह, सचिवमा प्रमोद चौरसिया र कोषाध्यक्षमा प्रियांसु कुमारी रौनियारले उम्मेदवारी दिएका छन् । सदस्यमा प्रमानन्द चौधरी थारु, रिंकी पटेल, इमामहसन राउत गद्दी, शिव कुमार महतो नुनिया, अभिषेक कुमार यादव, राहुल कुमार गुप्ता, अमित साह र विसाल शर्मा उम्मेदवार छन् ।

स्ववियु निर्वाचन कार्यालयका अनुसार उम्मेदवारमाथि दाबी विरोधको समय फागुन २८ गतेसम्म छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन फागुन २८ गते हुनेछ भने निर्वाचन चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म हुनेछ ।

यस्तै वीरगंज नर्सिङ कलेजमा अखिल क्रान्तिकारीबाट कविता आचार्य, सचिव सरस्वती श्रेष्ठ र कोषाध्यक्ष अञ्जु सुनारले उम्मेदवारी दर्ता गराएका छन् । प्रत्यक्षबाट पाँचजना सदस्य र समानुपातिकाबाट सातजना सदस्यको उम्मेदवारी परेको अखिल क्रान्तिकारीका केन्द्रीय सचिव मिरोज अहमदले जानकारी दिए ।

ठाकुराम बहुमुखी क्याम्पसमा प्रत्यक्ष र समानुपातिक गरी २१ पदका लागि २ सय ४७ जनाको उम्मेदवारी परेको छ । ठाकुरराम क्याम्पसमा १० हजार ५ सय बढी मतदाता छन् । उम्मेदवारी दर्ता गर्न जाँदा विद्यार्थी संगठनहरु शक्ति प्रदर्शन गरेका थिए । उनीहरुले नाराबाजीसहित शक्ति प्रदर्शनसहित उम्मेदवारी दर्ता गराएर मतदाताको ध्यानाकर्षण गराएका थिए ।

## ‘पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध’

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पत्रकार र पत्रकारिता क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

बर्दिबासमा मंगलबार सञ्चारिका समूह नेपाल मधेश प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन गर्दै उनले प्रदेश सरकारले आफ्ना सीमित साधन स्रोतभित्रबाट पत्रकारिता क्षेत्रको प्रवद्र्धनका लागि प्रयत्न गरिरहेको उल्लेख गरे ।

मुख्यमन्त्री सिंहले पत्रकारलाई सकारात्मक आँखाले हेर्नुपर्ने बताए ।

‘पत्रकार समाजका ऐना हुन्, यिनले पस्कने सत्यतथ्य सूचनाले राज्यका सबै निकायलाई आफ्ना कामबारे समीक्षा गर्ने र सच्चिएर अघि बढ्ने अवसर प्राप्त हुन्छ,’ उनले भने, ‘त्यसैले पत्रकारितामा रहेकाहरुलाई सबैपक्षको सहयोग र सद्भाव आवश्यक छ ।’




त्यसमा पनि निकै कम संख्यामा देखिने महिला पत्रकारलाई पेसामा टिकाइ राख्न राज्यका निकाय र सामाजिक सङ्घसंस्थाको सकारात्मक भूमिका हुनपर्ने उनको भनाइ थियो ।

स्वास्थ्य, शिक्षा र रोजगारका अन्य अवसरमा महिलाको पहुँच बढाउन प्रदेश सरकार प्रयत्नशील रहेको कार्यक्रममा मुख्यमन्त्री सिंहले बताए । पत्रकारले राजनीतिक आग्रहबाट मुक्त भई निष्पक्ष रुपमा पेसागत धर्म निर्वाह गर्नपर्ने उनले औँल्याए ।

कार्यक्रममा सञ्चारिका समूह मधेश प्रदेशकी अध्यक्ष सुनिता बराल, जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्णलगायतले आ–आफ्नो धारणा राखेका थिए ।

## देशको विकास गर्ने एमाले एक मात्र पार्टीः मन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले नेकपा एमाले देशको विकास गर्ने पार्टी भएको बताएका छन् ।

पोखरिया नगर कमिटीले आयोजना गरेको दोस्रो नगर अधिवेशनलाई सम्बोधन गर्दै उनले एमाले सरकारमा रहँदा देशको विकासले गति लिने उल्लेख गरे ।

मन्त्री गुप्ताले एमाले राजनीति गर्न नभई देश बनाउन बनेको पार्टी भएको र यसले नागरिकलाई अधिकार सम्पन्न बनाउने काम गरिरहेको बताए ।

साथै, उनले नगरका एमाले नेता तथा कार्यकर्तालाई परिस्थिति अनुकूल परिवर्तन ल्याउने गरी सक्रिय भएर काम गर्न निर्देशन दिए । उनले नेपाली जनताले सहज जीवन जिउन पाउनुपर्छ भन्ने नै एमालेको मुख्य एजेन्डा रहेको उल्लेख गरे ।

## मधेशका गृहमन्त्री लेखीको सुरक्षामा खटिएका असईको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश सरकारको गृह संचार तथा कानुन मन्त्री राजकुमार लेखीको सुरक्षामा खटिरहेका प्रहरी सहायक निरीक्षक (असई) वीरेन्द्रकुमार यादवको मृत्यु भएको छ । आइतबार राति ११ बजेको समयमा अचानक पेट र छाती दुखेका यादवको उपचारको क्रममा नोबेल अस्पताल विराटनगरमा मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । वरिष्ठ प्रहरी उपरीक्षक शान्तिराज कोइरालका अनुसार राति पेट र छाती दुखेपछि स्थानीय अस्पतालमा लगिएको थियो । थप उपचारको लागि नोबेल अस्पताल विराटनगर लगेकोमा उपचारको क्रममा राति १२ बजे मृत्यु भएको कोइरालाले जानकारी दिए ।



सिरहा नगरपालिका २५ सुखचैना स्थायी घर भएका यादवको दरबन्दी मधेश प्रदेश प्रहरी गण जनकपुरधाममा रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन